DATE:

आज मिति २०७४ जेठ ८ गते सोमबारको दिन यस देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक देहायबमोजिमका सदस्यहरूको उपस्थितिमा बस्यो।

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २.) | श्री पार्वती तिवारी | नगर-उपप्रमुख | [signature] |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | [signature] |
| ४.) | श्री माधव के.सी. | " | [signature] |
| ५.) | श्री गोपाल राज शर्मा लम्साल | " | [signature] |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | [signature] |
| ७.) | श्री शिवलाल सापकोटा | " | [signature] |
| ८.) | श्री मिन बहादुर सोती मगर | " | [signature] |
| ९.) | श्री भुपराज पाठक | " | [signature] |
| १०) | श्री चन्द्र बहादुर सिंजाली | " | [signature] |
| ११. | श्री भैरव बहादुर थापा सारु मगर | " | [signature] |
| १२.) | श्री केशर आले | " | [signature] |
| १३.) | श्री रमेश ~~कुमार~~ बहादुर ठाडा | " | [signature] |
| १४. | श्री दिनानाथ भुसाल | " | [signature] |
| १५. | श्री डिल बहादुर खत्री | " | [signature] |
| १६.) | श्री हेमराज दवाडी | " | [signature] |
| १७.) | श्री हरिभक्त भट्टराई | " | [signature] |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | [signature] |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | [signature] |
| २०.) | श्री मानबहादुर खड्का | सदस्य-सचिव | [signature] |
| × ~~२१~~ | ~~श्री माधव के.सी.~~ | | |
| २२.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | [signature] |
| २३.) | श्री राजेन्द्र प्र. गौतम | वार्ड सचिव वडा नं. | [signature] |
| २४. | श्री भोलानाथ न्यौपाने | वडा सचिव -१०,१५ | [signature] |
| २५.) | श्री भेषराज पौड्याल | " " १६ | [signature] |
| २६.) | श्री दिपेन्द्र कडरिया | इन्चार्ज एम.एम | [signature] |
| २७) | श्री रविभद्र पौडेल | लेखा अधिकृत | [signature] |

Scanned by CamScanner

DATE:

निर्णय नं.१.) देवचुली नगरपालिकामा स्थानीय तह निर्वाचन २०७४ नवलपरासी जिल्लामा सबैभन्दा पहिले मतपरिणाम सार्वजनिक गर्न सक्ने गरी स्वतन्त्र, निष्पक्ष एवं धाँधली रहित रूपमा सम्पन्न गर्न भएकोमा निर्वाचन अधिकृत लगायत नगरपालिकाका कर्मचारी तथा मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षा निकाय, सञ्चारकर्मी एवं निर्वाचन कार्यमा खटिने सम्पूर्ण सबैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२.) देवचुली नगरपालिकामा आ.व. २०७३।०७४ मा सञ्चालित योजनाहरूको हालसम्म भएको प्रगति समीक्षा आगामी कार्यपालिकाको बैठकमा पेश गरी छलफल गर्ने र उक्त विकास निर्माण लगायतका कार्यक्रमहरू सम्बन्धित वडा अध्यक्ष समेतको सहभागितामा नगर प्रमुख नगर उपप्रमुखबाट स्थलगत अवलोकन गर्ने निर्णय गरियो ।

निर्णय नं.३.) कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जनशक्ति व्यवस्थापन तथा अन्य आवश्यक स्रोत परिचालन गरी सेवाग्राहीलाई सहज रूपमा सेवा लिन सक्ने वातावरण बनाउने निर्णय गरियो ।

(signature) (signature)

आज मिति २०७४ जेठ १६ गते शुक्रबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक देहायबमोजिमका सदस्यहरूको उपस्थितिमा बस्यो।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्ण कुमार ~~श्रेष्ठ~~ श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मिन बहादुर सोती मगर | " | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री भेष बहादुर थापा सारु मगर | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर ठाडा मगर | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री ~~(क्या)~~ डिल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७) | श्री हरिमल्ल भट्टराई | " | |
| १८.) | श्री केशरबहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री नवकुमारी शर्मा | " | |
| २२.) | श्री माया सुवेदी | " | |
| २३.) | श्री सकुन्तला गुरुङ | " | |
| २४.) | श्री सर्वोच्चन्द्र सुवेदी | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोज बहादुर मास्की | " | |

Scanned by CamScanner

DATE:

२८) श्री मानबहादुर खड्का — सदस्य सचिव
२९) श्री श्रीभद्र पौडेल — लेखा अधिकृत
३०) श्री अविनाश पन्थी — प्रशासकीय अधिकृत
३१) टिकाराम बन्याल — इन्जिनियर
३२) सन्तोष थापा — ,,
३३) प्रेमराज पौडेल — वडा सचिव
३४) संगीता पौडेल — सामाजिक शाखा प्रमुख
३५) ध्रुव आचार्य — प्र.तथा सू.अधिकृत
३६) बालकृष्ण भुसाल — सब. इन्जिनियर
३७) हरिप्रसाद पोखरेल — सा.प. संयोजक

प्रस्ताव तथा निर्णयहरु

निर्णय नं.१.) नगरकार्यपालिकाको बैठक संचालन गर्दा देहाय बमोजिमको बैठक संचालन आचार संहिता पालना गर्ने निर्णय गरियो।

## TOR स्वीकृत/नगरकार्यपालिका बैठक सञ्चालन आचार संहिता

कार्यपालिका बैठकमा छलफल र निर्णय गराउनुपर्ने विषवस्तु (एजेण्डा) कम्तिमा ४८ घण्टा अगावै कार्यपालिकाको सचिवालयमा दर्ता गराउनुपर्ने छ । बैठक शुरु हुनु २४ घण्टा अघि कार्यपालिका सदस्यहरु समक्ष पठाइसकिएको एजेण्डा/ माग कार्यपालिका बैठकमा निर्णयार्थ प्रस्तुत गरिनेछ ।

नयाँ कार्यसूची/एजेण्डा राखनुपरेमा एजेण्डा लिखित प्रस्तुत मात्र गर्न सकिने र छलफल अर्को बैठकमा मात्र छलफल गरिने छ ।

बैठक कक्षमा बस्दा मोवाइलको घण्टि नबज्ने व्यवस्था मिलाउने । बैठक अध्यक्षको अनुमति विना बाहिर भित्र नगर्ने । एक पटकमा एक जनाले मात्र बैठक अध्यक्षको अनुमति लिएर आफ्नो विचार राख्नुपर्नेछ ।

४. नगरप्रमुख अनुपस्थित हुँदा बैठकको अध्यक्षता नगर उप-प्रमुखले र नगर प्रमुख उप-प्रमुख दुबै अनुपस्थित रहेमा नगरकार्यपालिकाका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नुहुनेछ ।

Scanned by CamScanner

DATE:

५. बैठकमा ठिक समयमा र नियमित उपस्थित हुनुपर्नेछ । ढिलो गरी उपस्थित हुने सदस्यका लागि बैठकमा छलफल भई सकेका विषयमा पुनः छलफल गरिने छैन ।

६. कार्यर्पालिका अध्यक्षको लिखित अनुमति विना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा अध्यक्षबाट लिखित जवाफ माग गर्न सकिने छ ।

७. बैठकमा छलफल भई निर्णय भइसकेका विषयहरु मात्र सार्वजनिक गरिने छ । बैठकका निर्णयहरु कार्यपालिकाको तोकिएका पदाधिकारीबाट सार्वजनिक गरिने छ ।

८. बैठक अध्यक्षको अनुमिति विना आधिकारिक बाहेक अन्य व्यक्तिहरुलाई बैठकमा सहभागी गराइने छैन ।

निर्णय नं. २.) कार्यालयको लागि आवश्यक चार पाङ्ग्रे सवारी साधन भाडा लिई सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३) आ. व. २०७३।०७४ श्री जनज्योती नमूना मा. वि. लाई शौचालय निर्माणको लागि विनियोजन गरिएको रकम सोही विद्यालयको कम्पाउण्ड वाल निर्माण को लागि रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ४.) देवचुली नगरपालिका संयुक्त वडा कार्यालय (१६,१७) रजहरका कार्यालय सहयोगी अर्जुन प्रसाद पाठक लाई औषधी उपचार वापत रु. ३०,०००।- (तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५.) कार्यान्वयनका क्रममा रहेका योजनाहरु स्थानीय तह निर्वाचन २०७४ को कारण वैशाख मसान्त भित्र सम्झौता हुन नसकेकोमा योजना सम्झौता कार्य आगामी जेठ मसान्त भित्र गरिसक्ने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६.) देवचुली नगरपालिकाको विशेष परिषद्द्वारा निर्माणाधिन दलदले-मुग्लिन सडक खण्डमा पर्ने सार्वजनिक स्थलहरुमा नाला निर्माण गर्न विनियोजित रकम रु १२ लाख (बाह्र लाख मात्र) देहाय बमोजिम, उक्त सार्वजनिक स्थलमा पर्ने बाटोको लम्बाई अनुसार बाँडफाँड गर्ने निर्णय गरियो।

Scanned by CamScanner

DATE:

(क) सानाथोली नमुना मा.वि. र कैलाश मन्दिर
रु. ४ लाख (चार लाख मात्र) विद्यालय
व्यवस्थापन समितिले निर्माण गर्ने ।

(ख) भीमसेन उच्च मा.वि. रु. १ लाख ५० हजार
(एक लाख पचास हजार मात्र), विद्यालय
व्यवस्थापन समितिले निर्माण गर्ने।

(ग) देवचुली सेन्टर प्लट र देवचुली नि.मा.वि.
रु. ६ लाख ~~पच~~ ५० हजार (छ लाख पचास
हजार मात्र) दलदले मुण्डे सडक निर्माण
उपभोक्ता समितिले निर्माण गर्ने ।

DATE:

२०७४/३/२

यस देवचुली नगरपालिका नगरकार्यपालिका को बैठक आगामी असार ४ गते सोमबार दिनको २ बजे बस्ने गरी आव्हान गर्दछु।

(हस्ताक्षर)

पूर्णकुमार श्रेष्ठ
नगरप्रमुख

Scanned by CamScanner

DATE:

आज मिति २०७४ साल असार ५ गते सोमबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको तेस्रो पूर्ण बैठक देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | उप-प्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | ,, | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | ,, | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | ,, | |
| ७.) | श्री शिवलाल सापकोटा | ,, | |
| ८.) | श्री मित्र बहादुर सोती मगर | ,, | |
| ९.) | श्री भुपराज पाठक | ,, | |
| १०.) | श्री चन्द्रबहादुर सिंजाली | ,, | |
| ११.) | श्री मेखबहादुर थापा सारु मगर | ,, | |
| १२.) | श्री केशर आले | ,, | |
| १३.) | श्री रमेश बहादुर ठाडा | ,, | |
| १४.) | श्री दिनानाथ भुसाल | ,, | |
| १५.) | श्री डिल बहादुर खत्री | ,, | |
| १६.) | श्री हेमराज दवाडी | ,, | |
| १७.) | श्री हरिभक्त भट्टराई | ,, | |
| १८.) | श्री केसर बहादुर क्षेत्री | ,, | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | ,, | |
| २०) | श्री टिकामाया सिंजाली | ,, | |
| २१.) | श्री नवकुमारी शर्मा | ,, | |
| २२.) | श्री माया सुवेदी | ,, | |
| २३.) | श्री सकुन्तला गुरुङ | ,, | |
| २४) | श्री सुबोचन्द्र सुवेदी | ,, | |
| २५.) | श्री कमला दमाई | ,, | |
| २६.) | श्री खेमलाल नेपाली | ,, | |
| २७.) | श्री भोज बहादुर मास्के | ,, | |

Scanned by CamScanner

DATE:

| | | |
|---|---|---|
| २८.) | श्री मनबहादुर खड्का | सदस्य-सचिव |
| २९.) | श्री श्रीभद्र पौडेल | लेखा अधिकृत |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत |

Scanned by CamScanner

DATE:

यस देवचुली नगरकार्यपालिकाको तेस्रो बैठक मिति २०७४।०३।०२ गते आव्हान/आयोजना गरिएकोमा जिल्ला जनस्वास्थ्य कार्यालयको खोप कार्यक्रमको अभिमुखिकरण लगायतका कारण समय नपुगेको हुँदा उक्त बैठक आगामी असार १२ गते बिहान ८:३० बजे बस्ने गरी हाललाई स्थगन गरिएको छ।

पूर्ण कुमार श्रेष्ठ
नगरप्रमुख
२०७४।०३।०२

DATE:

आज मिति २०७४ असार १२ गते सोमबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्ण कुमार डोखल्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तेस्रो बैठक देहायका महानुभावहरूको उपस्थितिमा बस्यो।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्ण कुमार डोखल | नगर-प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर-उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापक्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मिन बहादुर सोती | " | |
| ९.) | श्री भुपराज पाण्डे | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री मेख बहादुर थापा सारू मगर | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर डाडा | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री डिल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केसर बहादुर क्षेत्री | " | |
| १९.) | श्री बिष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री हिकमाया सिंजाली | " | |
| २१.) | श्री नवकुमारी शर्मा | " | |
| २२.) | श्री माया सुवेदी | " | |
| २३.) | श्री सकुन्तला गुरुङ | " | |
| २४.) | श्री सुवाचन्द्र सुवेदी | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोज बहादुर माझी | " | |

Scanned by CamScanner

DATE:

२८.) श्री मान बहादुर खड्का सदस्य सचिव

२९.) श्री डोभेन्द्र पौडेल लेखा-अधिकृत

३०.) श्री अविनाश पृथ्वी प्रशासकीय अधिकृत

३१.) श्री भेषराज पौड्याल ना.सु.

३२.) श्री बालकृष्ण भुसाल सब-ईन्जीनियर

३३.) श्री दिपक शर्मा बालमैत्री सहजकर्ता

३४) श्री टिकाराम भण्डारी सवारी चालक

३५) श्री गणेशराज दुङ्गेल " "

**प्रस्ताव तथा निर्णयहरु :-**

**निर्णय नं. १.-** जग्गाको न्यूनतम मूल्याङ्कन सिफारिस गर्ने सम्बन्धमा छलफल गर्दा जग्गाको अझ वास्तविक मूल्याङ्कन कायम गर्नको लागी कार्य टोली गठन गरी प्रतिवेदन पेश गर्नको लागी पेश भएको देहाय बमोजिमको बजेट नगरपालिकाको आन्तरिक आयबाट व्यबस्थापन गर्ने निर्णय गरियो।

लागत अनुमान

(क.) वडा समितिको बैठक (२ वटा, ७ जना १००० को दरले जम्मा १४०००)

(ख.) खाजा खर्च (१०० को दरले १४००)

(ग.) सबै वडाको जम्मा खर्च २६१८००

(घ.) प्रतिवेदन तयारी २०००।

**निर्णय नं. २.-** जग्गाको न्यूनतम मूल्याङ्कन प्रतिवेदन उपर भिडान गर्नको लागी मालपोत तथा नापी कार्यालय लगायत यस कार्यालयका कर्मचारीले नमूना अध्ययन तथा प्रतिवेदन तयारीको लागी पेश भएको देहाय बमोजिमको बजेट नगरपालिकाको आन्तरिक आयबाट व्यबस्थापन गर्ने निर्णय गरियो।

लागत अनुमान

(क.) यातायात खर्च (७५०० का दरले २ दिनको १५०००)

(ख.) बैठक भत्ता (४ वटा, ५ जना १००० को दरले २००००)

(ग.) खाना ३०००

(घ.) खाजा २०००

(ङ.) प्रतिवेदन तयारी २०००,

जम्मा ४२००० (बयालिस हजार)

**निर्णय नं. ३.-** यस नगरपालिका क्षेत्रमा तत्काल कार्यान्वयन गर्नुपर्ने देखिएका भनी वडा समितिको सिफारिस भई आएका साना योजना तथा कार्यक्रमहरु नगरपालिकाको आन्तरिक आयबाट सञ्चालन हुनेगरी निम्न बमोजिम लागतका योजना तथा कार्यक्रम सञ्चालन गर्ने।

Scanned by CamScanner

DATE:

तपसिल

| क्र.सं. | योजनाको नाम | माग भएको रकम | कैफियत |
|---|---|---|---|
| | वार्ड नं. १-५ | | |
| १. | संयुक्त वडा कार्यालयमा ट्रष्ट निर्माण | ६९१,४९५ | |
| | वार्ड नं. -१ | | |
| २. | बाटोको स्तरउन्नति | १५०,००० | |
| | वार्ड नं. -२ | | |
| ३. | बाटो स्तरउन्नति | १००,००० | |
| ४. | क्लब भवनमा मेस जाली | ५०,००० | |
| | वार्ड नं. -३ | | |
| ५. | बाटो स्तरउन्नति / कल्भर्ट निर्माण | १००,००० + ५०,०००/- | |
| | वार्ड नं. -४ | | |
| ६. | चुवाडी कल्भर्ट थप रकम | १००,००० | |
| ७. | वाल उद्यान जाने बाटोमा कल्भर्ट | ५०,००० | |
| ८. | शान्ती डाँडा खानेपानी पाईपलाइन विस्तार | ५०,००० | |
| | वार्ड नं. -५ | | |
| ९. | सकला चोकबाट पूर्व जाने बाटोमा ह्युम पाइप | १५०,००० | |
| | वार्ड नं. -६ | | |
| १०. | मुण्डे-किर्तिपुर मोटर बाटोमा ४५ से.मी. को ह्युम पाइप | ५०,००० | |
| ११. | कुमसोत सरस्वती प्रा.वि. भवन मर्मत | ५०,००० | |
| १२. | किर्तिपुर-बन्दिपुर बाटो | १००,००० | |
| | वार्ड नं. -७ | | |
| १३. | कस्केली चोकमा कल्भर्ट निर्माण | २००,००० | |
| | वार्ड नं. -८ | | |
| १४. | वृद्धाश्रम टहरा | ५०,००० | |
| १५. | सामुदायिक टहरा टेवा पर्खाल | ५०,००० | |
| १६. | ह्यूम पाइप | ५०,००० | |
| | वार्ड नं. -९ | | |
| १७. | ह्युम पाइप | १५०,००० | |
| | वार्ड नं. -१० | | |
| १८. | भगवती टोल बोरिङ मर्मत | १००,००० | |
| १९. | ६० से.मी. को ह्युम पाइप | १ थान | |
| २०. | जलुके नहरका लागि | १००,००० | |
| | वार्ड नं. -११ | | |
| २१. | पूर्व शाखाको लागी कल्भर्ट निर्माण | ५०,००० | |
| २२. | धारापानी चोक देखी १५० मी. पूर्व भीमसेन स्कूल जाने बाटोमा कल्भर्ट निर्माण | ५०,००० | |
| २३. | बाटो स्तरउन्नति पृथ्वीनगर | ५०,००० | |
| | कैलाशचोक ह्यूमपाइप खरिद | ५०,००० | |

Scanned by CamScanner

DATE:

| | | | |
|---|---|---|---|
| | वार्ड नं. -१२ | | |
| २४. | दिव्यज्योती नि.मा.वि. | ५०,००० | २००,००० |
| २५. | ह्युम पाइप | १० थान | |
| | वार्ड नं. -१३ | | |
| २६. | कुमारवर्ती नि.मा.वि. | ५०,००० | |
| २७. | घोल टोल | ५०,००० | |
| २८. | वोटे टोल | ५०,००० | |
| २९. | कुमारवर्ती जखडी माई मन्दिर | ५०,००० | |
| | वार्ड नं. -१४ | | |
| ३०. | दलदले दुग्ध सहकारीको लागि प्याकेजिङ मेशिन | ५०,००० | |
| ३१. | बाटो स्तरउन्नति | १००,००० | |
| | वार्ड नं. -१५ | | |
| ३२. | भागिरथी आमा समूहको भवन वाईरिङ, | ७०,००० | |
| ३३. | सालघारीमा ह्यूम पाइप | ५०,००० | |
| ३४. | जनज्योती कलेज | १५०,००० | |
| | वार्ड नं. -१६ | | |
| ३५. | राधाकृष्ण मन्दिर उत्तर बाटो स्तर उन्नती | १००,००० | |
| ३६. | टाँगीकोट दक्षिण बाटो स्तरउन्नती | ५०,००० | |
| ३७. | लक्ष्मीनारायण वन वाटिका | ५०,००० | |
| ३८. | देवचुली कलेज कम्प्यूटर खरिद | १००,००० | |
| ३९. | बगाहा खोला बाहकोल सामुहिक सिंचाई | ५०,००० | |
| | वार्ड नं. -१७ | | |
| ३९. | वरचुली मा.वि. का विद्यार्थी शिव तिवारी लाई क्यान्सर उपचार खर्च सहयोग | १०,००० | |
| ४०. | गणेश मन्दिर शौचालय तथा स्नान गृह निर्माण | १००,००० | |
| ४१. | विष्णुदत्त चोक देखी पदमपानीको घरसम्म रोलर लगाउने | २००,००० | |

४२. नेपाल सिर्जना आमा समूहको भवनमा वायरिङ् गर्न । २५,०००।-

**निर्णय नं. -४.** निर्णय नं. ३ बमोजिमका योजनाहरु सम्झौता गरी कार्यान्वयन गर्न सम्बन्धित वडा अध्यक्षहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned by CamScanner

DATE:

**निर्णय नं. -५.** उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने रू. १ लाख सम्मका उपरोक्त योजना तथा कार्यक्रमहरु कार्य सम्पन्न गरी सम्बन्धित वडा समितिको निर्णयवाट भुक्तानीको लागि नगरपालिकामा सिफारिस भएपछि सोझै (वैंक खाता नखोली) भुक्तानीको व्यबस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. -६.** चालु आ.व. को व.शि.नं. (लक्षित वर्ग कार्यक्रम, जेष्ठ नागरिक क्र.सं. १.) को जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई परिवर्तन गरी 'विपन्न जेष्ठ नागरिक स्वास्थय सहायता कोष' वनाउने र कोष खाता खोली रकम जम्मा गर्ने र सम्बन्धित वडा अध्यक्षको सिफारिसमा नगरपालिकाले उक्त सहायता उपलब्ध गराउने गरी कार्यान्वयनमा लैजाने ।

**निर्णय नं. -७.** राजश्व परामर्श समिति श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जूमा समितिहरुका बैठक सञ्चालन एंव यहि असार मसान्त भित्र देवचुली नगरपरिषद् सम्पन्न गर्न नगरपालिकाको आन्तरिक स्रोतबाट एकमुष्ट रू. ८ लाख (आठ लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. -८.** चालु आ.व. को व.शि.नं. (प्रवर्धनात्मक कार्यक्रम) अन्तर्गत विद्यालय स्वर्ण/जयन्ती महोत्सवका लागि भौतिक पूर्वाधार सहयोग शीर्षकलाई विद्यालय स्वर्ण/ रजतजयन्ती महोत्सव कार्यक्रम खर्च शीर्षकमा खर्च गर्ने गरि शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. -९.** चालु आ.व. २०७३।०७४ को नगरपरिषदबाट लक्षित समूहका कार्यक्रम अन्तर्गत मिलीजुली प्रा.वि. कम्पाउण्ड वाल निर्माण शीर्षकमा विनियोजित भएको जम्मा रकमबाट वास योजनामा खर्च भएको रु. ११,७६७।- अक्षेरुपी एघार हजार सात सय छहत्तर रुपैंया घटाई बाँकी रु १५४,३३३।- एक लाख चौवन्न हजार तीन सय तेत्तीस रुपैंया मात्र मिलिजुली प्रा.वि.मा विद्युतिकरण तथा मर्मत शीर्षकमा खर्च गर्ने गरी शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. -१०.** चालु आ.व. २०७३।०७४ को नगरपरिषदबाट लक्षित वर्गतर्फ वालवालिकाको साझा कार्यक्रम अन्तर्गत बाल सूचना सम्पर्क हल निर्माण गर्नका लागी विनियोजित रु पाँच लाख ले उक्त योजना सम्पन्न गर्न नसकिने भएकाले उक्त रकम जनज्योती नमूना मा.वि. को पर्खाल तथा नाला निर्माणका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

पुनश्च: निर्णय नं. ८ मा उल्लेख भएका शीर्षक तपसिल बमोजिम हुने । तपसिल

(१.) नेपाल मा.वि. - १,७५,०००।-
(२.) जनज्योती मा.वि. - १,६५,०००।-
(३.) कुमारवर्ती नि.मा.वि. - १००,०००।-
(४.) सरस्वती प्रा.वि. रुम्हर - २५,०००।- (पंखा खरिद)

DATE:

२०७४/०३/२१

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको चौथो बैठक आगामी असार २३ गते शुक्रबार बिहान ७:०० बजे बस्नेगरी आह्वान गर्दछु।

(हस्ताक्षर)

पूर्णकुमार श्रेष्ठ
नगर-प्रमुख

DATE:

आज मिति २०७४ असार २३ गते शुक्रबारका दिन देवचुली नगरपालिकाका नगर-प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको चौथो बैठक तपसिलका महानुभावहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर-प्रमुख | [signature] |
| २.) | श्री पार्वता तिवारी | नगर-उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | ״ | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | ״ | [signature] |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | ״ | |
| ७.) | श्री शिवलाल सापकोटा | ״ | [signature] |
| ८.) | श्री मिन बहादुर सोती | ״ | |
| ९.) | श्री भुपराज पाठक | ״ | भुपराज |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | ״ | [signature] |
| ११.) | श्री भैरव बहादुर थापा सारु | ״ | [signature] |
| १२.) | श्री केशर आले | ״ | [signature] |
| १३.) | श्री रमेश बहादुर डाडा | ״ | [signature] |
| १४.) | श्री दिनानाथ भुसाल | ״ | |
| १५.) | श्री डिल बहादुर खत्री | ״ | [signature] |
| १६.) | श्री हेमराज दवाडी | ״ | |
| १७.) | श्री हरिभक्त भट्टराई | ״ | [signature] |
| १८.) | श्री केशर क्षेत्री | ״ | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | ״ | [signature] |
| २०.) | श्री धिकामाया सिंजाली | ״ | [signature] |
| २१.) | श्री नवकुमारी शर्मा | ״ | [signature] |
| २२.) | श्री माया सुवेदी | ״ | [signature] |
| २३.) | श्री सकुन्तला गुरुङ | ״ | [signature] |
| २४.) | श्री सुवोचन्द्र सुवेदी | ״ | [signature] |
| २५.) | श्री कमला दमाई | ״ | [signature] |
| २६.) | श्री खेमलाल नेपाली | ״ | [signature] |
| २७) | श्री भीम बहादुर माझी | ״ | [signature] |

[signature]

Scanned by CamScanner

DATE:

२८.) श्री मानबहादुर खड्का — सदस्य सचिव
२९.) श्री चीमन्द्र पौडेल — लेखा अधिकृत
३०.) श्री अविनाश पन्थी — प्रशासकीय अधिकृत
३१.) श्री टिकाराम बस्याल — ईन्जिनियर
३२.) श्री सन्तोष थापा — ''
३३.) श्री मेघराज पौड्याल — ना. सु.
३४.) श्री तोयनाथ लामिछाने — कार्यालय सहयोगी
३५.) श्री राजु ढकाल — ''
३६.) श्री टिकाराम भण्डारी — सवारी चालक
३७.) श्री ध्रुव आचार्य — अनुगमन तथा मू. अ.

**निर्णय नं. १.** देवचुली नगरपालिका नगर कार्यपालिका (कार्य ~~सम्पादन~~ विभाजन) नियमावली, २०७४ अनुमोदन गरी लागू गर्ने निर्णय गरियो। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त ढाँचाको देवचुली नगरपालिका नगरकार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं. २.** देवचुली नगरपालिका नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा १५ मा भएको व्यबस्था बमोजिम देहायका विषयगत समितिमा देहाय बमोजिम संयोजक एंव सदस्य हुने गरी कार्यसम्पादन गर्ने निर्णय गरियो।

**क.) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

| | |
|---|---|
| संयोजक | गोपालराज शर्मा लम्साल |
| सदस्य | शिवलाल सापकोटा |
| सदस्य | माया सुवेदी |
| सदस्य | लक्ष्मणराज भण्डारी |

**ख.) सामाजिक विकास समिति**

| | |
|---|---|
| संयोजक | विष्णु प्रसाद आचार्य |
| सदस्य | सुवोचन्द्र सुवेदी |
| सदस्य | चन्द्र वहादुर सिंजाली |
| सदस्य | मिन बहादुर सोती |
| सदस्य | |

**ग.) पूर्वाधार विकास समिति**

| | |
|---|---|
| संयोजक | भुपराज पाठक |
| सदस्य | हरिभक्त भट्टराई |
| सदस्य | कमला दमाई |
| सदस्य | मेख बहादुर थापा सारु |

**घ.) विधेयक समिति**

| | |
|---|---|
| संयोजक | दिनानाथ भुसाल |
| सदस्य | सकुन्तला गुरुङ |
| सदस्य | माधव के.सी. |
| सदस्य | केशर बहादुर आले |

Scanned by CamScanner

DATE:

ङ.) आर्थिक विकास समिति

| | |
|---|---|
| संयोजक | क्या. डिल बहादुर खत्री |
| सदस्य | रमेश बहादुर ठाडा |
| सदस्य | टिकामायासिंजाली |
| सदस्य | गिर बहादुर थापा क्षेत्री |

च.) वन, वातावरण तथा विपद व्यवस्थापन समिति

| | |
|---|---|
| संयोजक | हेमराज दवाडी |
| सदस्य | खेमलाल नेपाली |
| सदस्य | भोज वहादुर माझी |
| सदस्य | नव कुमारी शर्मा |

निर्णय नं. ३. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन- २०७४ ले गरेको व्यवस्था वमोजिम बजेट तथा कार्यक्रम तर्जुमाको लागि देहाय बमोजिमको समिति बनाउने निर्णय गरियो।

क.) राजश्व परामर्श समिति (२.१)

| | |
|---|---|
| संयोजक | पार्वता तिवारी |
| सदस्य | मानबहादुर खड्का |
| सदस्य | नव कुमारी शर्मा |
| सदस्य | शिवलाल सापकोटा |
| सदस्य | धर्मराज बस्याल |
| सदस्य सचिव | दुर्गा प्रसाद महतो |

ख.) श्रोत आनुमान तथा बजेट सीमा निर्धारण समिति (२.२)

| | |
|---|---|
| संयोजक | पूर्णकुमार श्रेष्ठ |
| सदस्य | पार्वता तिवारी |
| सदस्य | मानबहादुर खड्का |
| सदस्य | खेमलाल नेपाली |
| सदस्य | भोज बहादुर माझी |
| सदस्य | कमला दमै |
| सदस्य सचिव | टिकाराम बस्याल |

ग.) बजेट तथा कार्यक्रम तर्जुमा समिति (२.३)

| | |
|---|---|
| संयोजक | पार्वता तिवारी |
| सदस्य | विषयगत समितिका संयोजक सबै |
| सदस्य सचिव | मानबहादुर खड्का |

Scanned by CamScanner

२०७८।०३।२८

यस देवचुली नगरपालिका नगर कार्यपालिकाको आगामी पाँचौं बैठक यहि २०७८ असार २८ गते बुधबार दिनको ११:०० बजे बस्ने गरी आव्हान गर्दछु।

पूर्णकुमार श्रेष्ठ
का. प्रमुख

आज मिति २०७४ असार २८ गते बुधबारका दिन देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्णकुमार श्रेष्ठज्युको अध्यक्षतामा नगरकार्यपालिकाको पाँचौं बैठक तपशिलका महानुभावज्युहरुको उपस्थितिमा बस्यो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मिन बहादुर सोती | " | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्रबहादुर सिंजाली | " | |
| ११.) | श्री भैरव बहादुर थापा सारु मगर | " | |
| १२.) | श्री कुमार आले | " | |
| १३.) | श्री रमेश बहादुर ढाडा | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री प्रितबहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री नवकुमारी शर्मा | " | |
| २२.) | श्री माया सुवेदी | " | |
| २३.) | श्री सुकलाल टाइँ. | " | |
| २४.) | श्री सर्वोचन्द्र सुवेदी | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोजबहादुर माझी | " | |

Scanned by CamScanner

DATE:

२८.) श्री मानबहादुर खड्का सदस्य-सचिव
२९.) श्री श्रीभद्र पौडेल लेखा अधिकृत
३०.) श्री अविनाश पन्थी प्रशासकीय अधिकृत
३१.) श्री टिकाराम बस्याल ईन्जिनियर
३२.) श्री सन्तोष दाफले ''

**निर्णय नं.१.** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त ढाँचाको देवचुली नगरपालिका नगरसभा सञ्चालन कार्यविधि, २०७४ स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं.२.** नगरकार्यपालिकाद्वारा तयार पारिएको आगामी ०७४।७५ को नीति तथा कार्यक्रम स्वीकृत गरी यहि असार २९ गते आयोजना गरिएको देवचुली नगरसभामा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.** देवचुली नगरकार्यपालिका भित्र विषयगत समितिले कार्यारम्भ गर्न केहि समय लाग्ने भएकाले तत्कालका निम्ति समिति एंव उपसमितिहरुका कार्यहरु नगरकार्यपालिकाको पूर्ण वैठकमा छलफल गरी निस्कर्षमा पु-याउने निर्णय गरियो ।

**निर्णय नं.४.** आ.व. ०७३।७४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका योजनाहरु देहाय वमोजिमका योजनाहरुलाई क्रमागत योजनाको रुपमा आ.व. ०७४।७५ मा पनि म्याद थप गर्ने गरि निर्माण कार्य र भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशिल**

(१) देवचुली नगरपालिका कार्यालय भवन निर्माण, ठेक्का नं. ; Dev/NCB/02/2073-074

(२) नमूना सडक अन्तर्गत धारापानी पृथ्वीनगर सडक, ठेक्का नं. ; Dev/NCB/03/2073-074 आषाढ मसान्तमा म्यद सकिने भएकाले २०७४ भाद्र मसान्त सम्मका लागि म्याद थप गर्ने ।

(३) वातावरणमैत्री भवन निर्माण, आषाढ मसान्तमा म्याद सकिने भएकाले २०७४ भाद्र मसान्त सम्मका लागि म्याद थप गर्ने ।

(४) २०७४ सालको धान दिवश मनाउनका लागि स्वीकृत रू. ५००००।- आ.व. २०७४।७५ मा भुक्तानी गर्ने ।

(५) २०७४।०३।१२ गतेको कार्यपालिका बैठकको निर्णयानुसार चालु आ.व. मा अधुरा रहेका स-साना योजनाहरुका लागि विनियोजित रकम आ.व. २०७४।७५ मा सम्झौता र भुक्तानी हुने व्यवस्था गर्ने ।

(६) सडक वोर्ड नेपाल र नगर क्षेत्र पूर्वाधार तर्फका योजनाहरु समेतलाई क्रमागत योजनाका रुपमा कार्यान्वयन गर्ने ।

(७) नाग पोखरी वाल उद्यान ;

क.) वालवालिका लक्षित कार्यक्रम - गाँउघर क्लिनिक निर्माण रु ८५०००।-

ख.) महिला लक्षित कार्यक्रम - रु ८५०००।-

ग.) समपुरक तथा आन्तरिक तर्फको - रु ३४००००।-

घ.) जि.स.स. अनुदानतर्फ - रु. ५०००००।- गरि जम्मा रु १०१००००।- को कार्यक्रम आ.व. २०७४।७५ मा कार्यान्वयन गर्ने ।

ङ.) आ.व. २०७३।७४ मा समपूरक कोषको विनियोजित रकमवाट रू ३०००००।- पूर्व पश्चिम राजमार्गमा CC Camera जडान कार्यका लागि निरन्तरता दिने ।

Scanned by CamScanner

DATE:

**निर्णय नं.५.** आगामी आ.व. २०७४।०७५ का लागि ०७३ पौष महिनामा सम्पन्न चौथो देवचुली नगरपरिषदद्वारा प्रस्तावित करका दरहरुमध्ये मालपोत, घरवहाल कर वाहेकका अन्य कर दरहरु अनुमोदन गरी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.** यस नगरपालिकामा सविकका तपशिल वमोजिमका दरवन्दीहरु (सूचि-क) एंव पछि कायम भएका वडाहरुमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको ०७४।०२।१७ को कार्यादेश/परिपत्र अनुसारका दरवन्दीहरु (सूची - ख) लाई यस नगरपालिकाको लागि हाल कायम हुने दरवन्दी संख्या र प्रकार स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**(सूचि - क) साविकका दरवन्दीहरु**

| क्र. सं. | स्वीकृत दरवन्दी,पद | पद संख्या | पदपूर्ति | वाँकि | कैफियत |
|---|---|---|---|---|---|
| १. | अधिकृतस्तर छैठौं | १ | १ | | |
| २. | सिभिल इन्जिनियर | १ | १ | | |
| ३. | वि. एण्ड आर्क. इन्जिनियर | १ | | १ | |
| ४. | सव-इन्जिनियर | २ | २ | | करार |
| ५. | सहायकस्तर पाँचौ | ६ | २ | ४ | १ ना.सु. |
| ६. | सहायकस्तर चौथो | ८ | ३ | ५ | |
| ७. | अमिन | १ | १ | | |
| ८. | क.अ. | १ | १ | | करार |
| ९. | सवारी चालक | १ | १ | | करार |
| १०. | कार्यालय सहयोगी | ५ | ४ (१ स्थायी) | १ | करार |
| | जम्मा | २७ | १६ | ११ | |

**(सूचि - ख) थप**

| क्र.सं. | वडा नं. | पद | पद संख्या | मौजुदा संख्या | वाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| २. | ३ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ३. | ४ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ४. | ५ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ५. | ६ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ६. | ८ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |

Scanned by CamScanner

DATE:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | ९ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ८. | १० | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ९. | ११ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| १०. | १२ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| ११. | १३ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| १२. | १५ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | | ३ | |
| १३. | १६ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | २ | १ | वडा सचिव |
| १४. | १७ | वडा सचिव, सहायकस्तर, का.स. | ३ | २ | १ | का.स. |
| | | जम्मा | ४२ | ४ | ३८ | |

**निर्णय नं. ७ .** रिक्त दरवन्दीहरुमा हाल अस्थायी/करार/कार्यक्रम/परियोजना समेतका सेवारत कर्मचारीहरुलाई मिल्दो पदमा समायोजन गर्ने, यसरी समायोजन गरी सेवा करार गर्दा हाललाई वि. एण्ड आर्क. ईन्जिनियर पदमा साविकमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गतका ई. सन्तोष काफ्लेलाई र वातावरण तथा फोहरमैला व्यवस्थापन शाखा हेर्ने कार्यालय सहायकस्तर पाँचौ तहमा साविकमा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम ( EFLGP) अन्तर्गत अनुगमन तथा मूल्याङ्कन अधिकृत ध्रुब आचार्यलाई करार सेवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** यस नगरपालिका अन्तर्गत वडा नं. १६ र १७ मा विगत देखि कार्यरत स.ई. छविलाल गौतम र क.अ. लक्ष्मी कुमारी दर्जीको कार्य सम्पादन सन्तोषजनक पाइएको र पारिश्रमिक अति न्यून (क्रमश: रु १००००|- र रू ८०००|-) रहेकोले साविकमा खाइपाई आएको पारिश्रमिकमा ५०% थप गरी (क्रमश: रु १५०००|- र रु १२०००|- ) वनाउने र वडा नं. १६ र १७ मा कार्यरत सामाजिक परिचालक संगम पौडेलको नगरपालिकाका अन्य सामाजिक परिचालक सरह वनाउन श्रावण महिना देखि लागू हुनेगरी प्रोत्साहन भत्ता रू २०००|- दुई हजार प्रति महिना थप गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

DATE:

**निर्णय नं. ९.** यस नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुको लागि प्रोत्साहन भत्ता माग भई आएकोमा कार्यालय समय बाहेक अतिरिक्त समय काममा लगाउनुपर्ने भएमा निश्चित मापदण्ड र नतिजा सूचक समेतका आधारमा अतिरिक्त समय काममा लगाईएको प्रत्येक पटकको निकटतम सुपरिवेक्षकले प्रमाणित गरी कार्यकारी अधिकृत को सिफारिसमा नगरकार्यपालिकाको निर्णानुसार उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०.** निर्वाचित वडा अध्यक्षहरुले वडा कार्यालयहरुमा दैनिक कार्य सम्पादन गर्नुपर्ने र पदाधिकारी पारिश्रमिकको हाल व्यबस्था हुन नसकेको हुँदा ०७४ श्रावण महिना देखि लागू हुने गरी :-

क.) वडा अध्यक्ष वाहेकका कार्यपालिका सदस्यहरुलाई वैठक बसेको दिनको लागि वैठक भत्ता बाहेक रू ५००।- का दरले यातायात खर्च उपलब्ध गराउने,

ख.) वडा अध्यक्षहरुका लागि मासिक रू १०००।- संचार खर्च र ईन्धन खर्च मासिक रू ३०००।- उपलब्ध गराउने,

२०७८।०४।०९

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको आगामी बैठक यही २०७८ श्रावण ८ गते आईतवारका दिन बिहान ११:०० बजे बस्ने गरी आव्हान गर्दछु ।

पूर्णकुमार श्रेष्ठ
नगरप्रमुख

Scanned by CamScanner

आज मिति २०७४।०४।०८ गते आईतबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको छैठौं बैठक देहाय बमोजिमका महानुभावहरुको उपस्थितिमा बस्यो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पूर्णकुमार श्रेष्ठ | नगर-प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४. | श्री माधव के.सी. | " | |
| ५. | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६. | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७. | श्री शिवलाल सापकोटा | " | |
| ८. | श्री मिन बहादुर सोती | " | |
| ९. | श्री भुपराज पाठक | " | |
| १०. | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११. | श्री मेख बहादुर थापा सारु | " | |
| १२. | श्री केशर आले | " | |
| १३. | श्री रमेश बहादुर ठाडा | " | |
| १४. | श्री दिनानाथ भुसाल | " | |
| १५. | श्री डिल बहादुर खत्री | " | |
| १६. | श्री हेमराज दवाडी | " | |
| १७. | श्री हरिभक्त भट्टराई | " | |
| १८. | श्री केशर बहादुर क्षेत्री | " | |
| १९. | श्री बिष्णु प्रसाद आचार्य | " | |
| २०. | श्री टिकामाया सिंजाली | " | |
| २१. | श्री सकुन्तला गुरुङ | " | |
| २२. | श्री सुवोचन्द्र सुवेदी | " | |
| २३. | श्री माया सुवेदी | " | |
| २४. | श्री नव कुमारी शर्मा | " | |
| २५. | श्री कमला दमाई | " | |

Scanned by CamScanner

२६. श्री खेम ~~बहादुर~~ लाल नेपाली ,,
२७. श्री भोज बहादुर माझी
२८. श्री मानबहादुर खड्का ,, सदस्य-सचिव
२९. श्री श्रीभद्र पौडेल लेखा अधिकृत
३०. श्री अविनाश पन्थी प्रशासकीय अधिकृत

**निर्णय न. १.** यस नगरपालिकामा गंभिर प्रकारका रोग लागि उपचार गराउन नसक्ने अवस्थाका विपन्न नागरिक लगायतका आर्थिक सहायता माग भएका छन् । साविकमा स्थानीय निकाय संचालन सम्बन्धि कानूनी व्यबस्थामा स्थानीय निकायहरुले आफ्नो आम्दानीको १% वा रू ५००००।- मध्ये जुन बढी हुन्छ, त्यस रकमलाई आर्थिक वर्षभरिका लागि आर्थिक सहायता दिन सक्ने व्यबस्था रहेको विषय समेतलाई आधार लिनु सान्दर्भिक हुन्छ ।

यस नगरपालिकाको आ.व. ०७४।७५ मा आन्तरिक आय करिव रु २ करोड अनुमान गरिएको र चालु आ.व. का लागि रु २ लाख आर्थिक सहायता अन्तर्गत विनियोजन गरिएको छ । यस प्रकारका साना तिना कार्यका लागि पटक पटक कार्यपालिकाको वैठक वसि रहन संभव नहुने भएकाले आर्थिक सहायता माग भएका निवेदनहरुमा विषयको गांभिर्यता हेरी नगरप्रमुखले रु. ५०००।- सम्म आर्थिक सहायता दिन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २. (क)** यस नगरपालिका क्षेत्रभित्र हुने सार्वजनिक विकास निर्माण कार्य ढिला सुस्ती हुने गरेको र आर्थिक वर्षको अन्त्यसम्म समेत कार्य सम्झौताका लागि निवेदन आउने , कार्य सम्पन्न नभई अधुरो छोडिने, रकम फ्रिज हुने आदि प्रवृति देखिएको छ । यसका कारणहरुमा समयमा उपभोक्ता समितिहरु गठन नहुनु, उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम नदिईनु, ढुंङा, गिट्टी, वालुवा आदी निर्माण सामाग्री उपलब्ध हुन नसक्नु आदि देकिएका छन् । उपरोक्त सम्बन्धमा यस नगर क्षेत्रमा आ.व. ०७४।७५ मा उपभोक्ता समिति मार्फत गरिने सार्वजनिक विकास निर्माण कार्यका लागि आगामी भाद्र मसान्त भित्र उपभोक्ता समितिहरु गठन गरी आश्विन दोश्रो हप्ताभित्र उपभोक्ता समिति पदाधिकारीहरुलाई तालिम दिने र ०७४ कार्तिक मसान्त भित्र योजना सम्झौता सम्पन्न गरी,२०७५ बैशाख मसान्त भित्र योजना सम्पन्न फरफारक गरी भुक्तानी गर्ने कार्य अघि बढाउन वडा समितिहरु तथा सम्वद्ध कर्मचारीहरुलाई क्रियाशिल गराउने निर्णय गरियो ।

**निर्णय नं. २. (ख)** प्रकरण २ (क) वमोजिमको निर्माण सम्पन्न गर्न आवश्यक ढुंगा, गिट्टी, वालुवा यसै नगर क्षेत्रमा पर्ने लोकाहा खोला र बहुलाह खोलावाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वमोजिम योजनाको प्राविधिक लगत ईष्टिमेटको को परिमाणमा नगरपालिकामा नियमानुसार राजश्व बुझाई उपयोग गर्न समयमा नै अनुमति प्राप्त गर्ने गरी जिल्ला समन्वय समिति लगायत अन्य सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३.** योजनाको हकमा नयाँ स्वीकृत जिल्ला दर रेट नआएसम्म आ.व. ०७३।७४ कै दररेट अनुसार योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** देवचुली नगरकार्यपालिका सदस्य डिल बहादुर खत्रीलाई कार्यपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

Scanned by CamScanner

२०७४।०५।०२

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको आगामी बैठक यहि २०७४ भाद्र ५ गते सोमबारका दिन दिउसो २:०० बजे बस्ने गरी आह्वान गर्दछु।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

आज मिति २०७४ भाद्र ५ गते सोमवारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको सातौं बैठक देहायबमोजिमका महानुभावहरूको उपस्थितिमा बस्यो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर सोती | " | |
| ९.) | श्री भुपराज पाण्डे | " | |
| १०.) | श्री चन्द्रबहादुर सिंजाली | " | |
| ११.) | श्री भैरव बहादुर थापा मगर | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर डाडा | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री डिल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री सुबोधचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोजु बहादुर मास्की | " | |
| २८.) | श्री मानबहादुर खड्का | सदस्य-सचिव | |
| २९.) | श्री भीमप्र पौडेल | लेखा अधिकृत | |

Scanned by CamScanner

३०) श्री अविनाश पन्थी प्रशासकीय अधिकृत

**निर्णय - १**

**प्रस्ताव :** निजी जमिनबाट उत्खनन तथा संकलन हुने ढुंगागिट्टी, वालुवा, माटो, मिस्कट आदिको नियमन व्यवस्थापन सम्वन्धमा।

यस नगरपालिका क्षेत्रभित्रका विभिन्न वडाहरुमा निजी जमिनवाट अनियमित / अव्यवस्थीत रुपमा जमिन हेभि इक्वीपमेन्ट / मेशिनरी साधनको प्रयोग गरी ढुंगागिट्टी,वालुवा मिस्कट आदि उत्खनन गरी विक्रि गर्ने कार्य भईरहेको जनगुनासो प्राप्त भई मिति २०७४ श्रावण ३१ गते नगरपालिकाका वडा नं २,३ र ५का वडा अध्यक्षहरु समेत देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्ण कुमार श्रेष्ठ र कार्यकारी अधिकृत, वडा सचिव एवं स्थानीय प्रतिनिधिहरु एवं इलाका प्रहरी कार्यालय रजहरका प्रतिनिधिहरु सम्मिलित टोलीवाट उल्लखित वडाहरुको स्थलगत अवलोकन गरियो।

स्थलगत अवलोकनका क्रममा जे.सि.वि./ एक्साभेटर लगायतका हेभि मेशिनरीको प्रयोग गरी अत्याधिक गहिराई सम्म उत्खनन गर्ने र ढुंगागिट्टी आदि जम्मा गरी विक्रि गर्ने गरिएको देखियो । उपरोक्त कार्यवाट खेतियोग्य जमिनको विनास भएको, जमिनको भाग वरपर खोला नदिको वेड लेभल भन्दा पनि गहिरिन गई वर्षातको समयमा बाढी पस्ने र धनजनको क्षति पु-याउने खतरा रहेको एवं प्राकृतिक श्रोतको अनाधिकृत दोहन भएको देखिन आयो।

उपरोक्त पृष्ठभूमिमा नियमन, व्यवस्थापनका लागि नगरकार्यपालिकाले तत्काल निर्णय लिनु पर्ने भएकाले देहाय वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

१.१ निजी जमिनवाट ढुंगागिट्टी, वालुवा मिस्कट आदि उत्खनन गरी विक्रि गर्न चाहने व्याक्ति, फर्म, वा संस्थाले प्रचलित कानुन बमोजिम नगरपालिकामा उद्योग / व्यावसाय दर्ता, नविकरण गर्ने।

१.२ उत्खनन गर्नुपर्ने जमिनको स्वामित्वको कित्ता नं, क्षेत्रफल खुलेको पूर्जा, जग्गाधनी संगको सम्झौताको प्रतिलिपि, उत्खनन हुने क्षेत्रफल र उत्खनन गरिने परिमाण, उत्खनन अवधि तथा उत्खनन र ढुवानीमा प्रयोग गरिने साधन एवं ढुवानीका साधनको साधन नम्वर खुलेको सूची र ब्लुबुकको प्रतिलपि संलग्न राखी प्रारम्भिक वातावरणीय परिक्षण ( IEE ) एवं उत्खनन अनुमतिका लागि दुई महिना अगावै नगरपालिकामा निवेदन दिनुपर्ने।

१.३ रितपूर्वक निवेदन प्राप्त भएपछि नगरपालिकावाट प्राविधिक,वातावरणीय परिक्षण गरी उत्खनन गरिने क्षेत्रफल, गहिराई एवं परिमाण तोकि उत्खनन अनुमति दिन सक्ने।

१.४ उत्खनन अनुमति लिंदा / दिंदा हाल प्रति घन मिटर रु. ३५ का दरले प्राकृतिक श्रोत उपयोग कर नगरपालिकामा जम्मा गरी नगरपालिकावाट नगदी रसिद प्राप्त गर्ने।

१.५ उत्खनन अनुमति र नगदि रसिद विना उत्खनन गरी वसारपसार भएको पाईएमा त्यस्ता उत्खनन / ढुवानीका साधन जफत गरी कारवाही प्रक्रिया अघि वढाउन स्थानीय प्रशासन प्रहरीलाई लेखी पठाउने।

१.६ प्रकरण ५ वमोजिम कारवाही गर्दा विना अनुमति प्रयोग भएका हेभि ईक्वीपमेन्ट (एक्साभेटर, जे.सि.वि., टिपर) हरुका लागि पहिलो पटक रु ५,०००।०० र प्रत्येक थप पटकका लागि दोव्वर जरिमाना गरी उत्खनन / ढुवानी गरिएको सामाग्री जफत गर्न सक्ने। साना ढुवानी साधन (ट्रेक्टर) को हकमा प्रत्यक पटकको रु २,०००।०० (दुई हजार) जरिवाना र थप पटकका लागि दोव्वर जरिमाना गर्ने।

१.७ प्रकरण १.६ वमोजिम जरिवाना गरी प्राप्त रकमको २५% कारवाही प्रकृयामा सहयोग पुर्याउने स्थानीय प्रशासन/प्रहरी/संघसंस्थाका लागि दामासाहीले प्रोत्साहन स्वरुप उपलब्ध गराउने।

१.८ यसरी संकलित राजश्वको ६० प्रतिशत सम्मको रकम सम्बन्धित वडामा पठाउने र वडा समितिको निर्णयानुसार खर्च गर्ने। उक्त रकम सम्बन्धित नदी, खोला, ढुवानी मार्ग स्तरउन्नति र संरक्षणमा प्राथमिकताका साथ खर्च गर्ने।

१.९ देवचुली नगरपालिकाको यस प्राकृतिक श्रोत नियमन व्यवस्थापन कार्यविधिलाई सम्वन्धित वडाकार्यालय मार्फत सम्वन्धितलाई सूचित गरी अन्य सम्वन्धित निकायमा बोधार्थ दिने।

Scanned by CamScanner

१.१० यो निर्णय कार्यविधिलाई तत्काल कार्यान्वयनमा ल्याउने।

**निर्णय -२**

यहि श्रावण १६ देखि भाद्र ३ सम्म सञ्चालित छुट भएका मतदाता नामावली संकलनमा अतिरिक्त समय कार्यमा संलग्न तपशिलका कर्मचारीहरुलाई निम्नानुसार प्रोत्साहन भत्ता उपलब्ध गराउने।

२.१ मतदाता नामावली कम्प्यूटरमा प्रविस्ट गर्ने दुई जना कर्मचारीहरु मध्ये एकजनालाई जि.नि.का. वाट भत्ता उपलब्ध हुने र थप एक जनाका लागि नगरपालिका वाट खटिएको अवधिभर (मिति २०७४।०४।१६ देखि २०७४।०५।०३ सम्म) दैनिक रु ८००।०० (आठ सय) का दरले प्रोत्साहन भत्ता दिने र सोही अवधिमा मतदाता नामावली फारम भर्ने कार्यमा संलग्न वडा सचिव/सामाजिक परिचालक/अन्य कर्मचारीहरुलाई खटिएको अवधिको दैनिक रु ५००।०० (पाँच सय) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने।

२.२ मतदाता नामावली संकलन कार्यमा खटिएका कर्मचारी एवं पदाधिकारीहरुको खाना खाजा वापत खर्च भएको रकम वास्तविक खर्चको आधारमा भुक्तानी दिने।

**निर्णय - ३**

यस नगरक्षेत्रभित्र उपभोक्ता समिति मार्फत सञ्चालन हुने भौतिक निर्माण तथा योजनाहरुमा प्रयोग हुने प्राकृतिक स्रोत तथा नदीजन्य सामाग्रीहरु प्रयोग गर्दा सोको सोको आपूर्तिको स्रोत खुलाई पेश गर्ने।

**निर्णय - ४**

हरितालिका पर्वको उपलक्ष्यमा विभिन्न संस्कृतिक प्रतियोगिता संचालन गर्ने गरी आर्थिक सहयोग मागहुन आएका निवेदनहरुमा तपशिल वमोजिमका संघ संस्थाका लागि प्रतियोगिता पुरस्कार क्षेत्रमा प्रायोजन गर्ने गरी रू १० हजारका दरले सहयोग उपलब्ध गराउने।

१. नवौ फारम तीज विशेष कार्यक्रम।
२. जनज्योती स्वर्णमहोत्सव तीज गीत प्रतियोगिता।
३. ह्याप्पी तीज गीत उत्सव, २०७४।
४. गरिब जेहेन्दार विद्यार्थीका लागी अक्षय कोष निर्माणका लागि तीज गीत प्रतियोगिता। (देवचुली आधारभुत विद्यालय)
५. तीज विशेष, वालक्लब स्तरीय वाल नृत्य प्रतियोगिता। (सहनशिल वाल क्लब दे.न.पा. ९)
६. दे.न.पा. – १६।
७. महिला कल्याण वहुउद्देश्यीय सहकारी, प्रगतिनगर।

**निर्णय -५**

विगत देखि नै सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि यसै आषाढ मसान्तमा सकिएकोमा सार्वजनिक सेवा तथा क्षमता विकास समितिले समेत यस आ.व.मा करार सम्झौता निरन्तरता दिने भनि सिफारिस गरेकोमा श्रावण १ गते देखि लागू हुने गरी करार सम्झौता थप गर्ने निर्णय गरियो।

**निर्णय - ६**

यस नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण तथा जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचयपत्र वितरण कार्य सहज वनाउन यहि भाद्र तेस्रो हप्ता सम्बन्धित निकायसँग समन्वय गरी शिविर सञ्चालन गर्ने।

Scanned by CamScanner

**निर्णय - ७**

यस नगरपालिका क्षेत्रभित्रका विभिन्न वजारहरुमा अनाधिकृत, अव्यबस्थित रुपमा राखिएका तरकारी पसल, टहरा एंव निर्माण सामाग्री तथा व्यापारिक सामाग्रीहरुवाट आवागमन अवरुद्ध भएको, दुर्घटना जोखिम वढेर गएको छ । उपरोक्त विषय यस नगरकार्यपालिकाको पूर्वाधार विकास समितिको क्रियाशिलतामा व्यबस्थित गर्न कार्ययोजना पेश गर्न लगाई कार्यान्वयनमा लैजाने । यस कार्यका लागि वजारअनुगमन कार्यमा सहभागी हुने समयावधिको स्वीकृत कार्ययोजना अनुसार वजेट विनियोजन गर्ने ।

**निर्णय - ८**

यस नगरपालिकामा तीन पाङ्ग्रे सवारी साधन दर्ता र सञ्चालन सम्बन्धमा प्राप्त निवेदनहरु उपर कार्यवाही गर्ने सम्बन्धमा ती सवारी साधनहरु यातायात व्यवसायी समितिमा आवद्ध भई नियमानुसार कानूनी प्रक्रिया पुरा गरेको पाईएमा सवारी दर्ता प्रक्रिया अगाडी बढाउने । सार्वजनिक सेवा तथा क्षमता विकास समितिले रुट परमिट तथा भाडाको विषयमा सरोकारवालासँगको छलफल र उक्त छलफलको निष्कर्ष सहितको प्रतिवेदन कार्यपालिका बैठकमा पेश भएपश्चात निर्णय गर्ने ।

**निर्णय - ९**

यस नगरपालिकाका नगरप्रमुखको दैनिक कार्यवोझ बढ्दै गएको र नगरपालिकाको विद्यमान जनशक्तीवाट स्वकीय सेवा उपलब्ध गराउन सक्ने अवस्था नरहेकोले स्वकीय सेवा सञ्चालन गर्न र आवश्यकता अनुसार नगरकार्यपालिकाको सचिवालय सेवा सम्पादन गर्ने गरी मासिक रू. १५०००।– (पन्ध्र हजार) मा नवढ्ने गरी दैनिक ज्यालादारीमा सेवा लिने ।

**निर्णय - १०**

यस नगरपालिकालाई कार्यक्षेत्र वनाई कार्यक्रम गर्न चाहने गैरसरकारी संघ, संस्थाले स्थानीय जनप्रतिनिधिहरुको समन्वय र सहभागितामा कार्यक्रम सञ्चालन गर्ने गरी चालु आ.व. को लागि सहमति प्रदान गर्ने ।

**निर्णय -११**

साविकको रजहर सिङ्गो गाविसलाई दुईवटा मात्र वडाहरुमा विभाजन गरी संयुक्त वडा कार्यालय वडा नं. १६ वाट सञ्चालन भइरहेकोमा, हालको विस्तारित सेवा प्रवाह गर्न वडा कार्यालय छुट्टै हुँदा सहज हुने भएकोले सम्बन्धित वडासमितिको सिफारिसको आधारमा रजहर स्वास्थ्य चौकीकै भवनवाट वडा नं. १७ को वडा कार्यालय सञ्चालन गर्ने ।

**निर्णय - १२**

पानीको प्राकृतिक बहाव तल्लो तटीय क्षेत्रमा नै हुने र सोही वमोजिम विगतमा जस्तै कुला, खोल्सा र पानी निकास यस नगरपालिकाको भिरालो जमिनका कारण राजमार्ग हुँदै तल्लो क्षेत्रमै निकास हुनुको विकल्प देखिंदैन । हालमा अव्यबस्थित वसोबास, खेतीयोग्य जमिनको खण्डीकरण र कृषि कार्यमा आएको कमि जस्ता कारणले गर्दा कृषि प्रयोजनमा उपयोग हुने पानी समेत साँघुरा नाली र प्लटिङका जग्गाहरु हुँदै दलदले मुण्डे सडकमा निकास भई डुवानको समस्या देखिएको छ । निर्माण भएका नाली समेतले वर्षातको पानी थेग्न नसकेको देखियो ।

नापी नक्शामा भएका साविकका सार्वजनिक कुलो एंव पानी निकास अतिक्रमण हुनु र "Hydrological table analysis" विना नाली निर्माण हुनु साथै यस नगरपालिका क्षेत्रभित्र सरकारी सार्वजनिक कुलो, जग्गा मिचेर घर ,भवन तथा अन्य संरचनाहरु निर्माण भएको पाइएको छ । सार्वजनिक जमिन, कुलो आदि मिच्नु, संरचना निर्माण गर्नु जस्ता कार्यहरु गैर कानूनी हुने मात्र होइन, वर्षातको पानीको निकास साँघुरो भएको र कहि पानीको निकास वन्द समेत हुन गई वजार क्षेत्र, घर टहरा, वालीनाली समेतमा बाढी पस्न गई क्षती भएको तथा जनजीवन असुरक्षित भएको देखियो ।

यसै विषयमा दलदले वजार व्यवस्थापन समिति, भानु न्यौपाने लगायत ५४ जना, कृष्ण कुमार कक्षपति समेत १९ जना र विश्वनाथ न्यौपानेले निवेदन दर्ता गराउनुभएकोमा,

उपरोक्त सम्बन्धमा संभावित बाढी डुबान जोखिम न्यूनिकरण गर्दै लैजान हाललाई-

Scanned by CamScanner

१२.१ वेलदले मुण्डे सडक खण्डमा समस्या देखिएको ठाँउमा सडकको दाँयावाँया वनेका नालीमाथि पानीको वहाव अवरोध गर्ने गरी निर्माण गरिएका संरचनाहरु (स्ल्याव, टहरा आदी) ७ (सात) दिन भित्र घरधनी स्वयमले हटाउने गरी निर्देशन गर्ने र अटेर गरेमा आठौं दिन नगरपालिकाले हटाई लागत सम्बन्धित व्यक्तीवाट असुल उपर गर्ने, असुल नभए सम्मको लागि यस नगरपालिकावाट वितरण हुने सवै सेवा रोक्का राख्ने ।

१२.२ नक्शामा कायम भएको कुलो , नालीको क्षेत्रफल अतिक्रमण हुनेगरी निर्माणाधिन संरचनाहरु तत्काल वन्द गर्न निर्देशन गर्ने ।

**निर्णय - १३**

यस कार्यालयवाट आ.व.०७३।७४ मा नगर क्षेत्र पूर्वाधार कार्यक्रम अन्तर्गत मन्त्रालय अनुदान र नगरपालिकाको आन्तरिक तर्फ गरी रू ४५ लाख डोजर खरिदका लागि विनियोजन भएको र उक्त खरिद कार्यका लागि आ.व. ०७३।७४ मा सूचना समेत प्रकाशित भई प्राप्त दरभाउ पत्र नखोलिएको हुँदा सो रकम नेपाल सरकारको निर्णयानुसार फ्रिज नहुने भएकाले खरिद प्रक्रिया अगाडी बढाउने । र नपुग रकम नगरपालिकाको आन्तरिक श्रोतवाट थप गर्ने ।

**निर्णय - १४**

देवचुली नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणागर्ने कार्यविधि सम्बन्धमा –

१४.१ नेपाल सरकारवाट जारी भएको वालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ लाई यस नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्ने कार्यविधिको रुपमा अवलम्वन गर्ने,

१४.२ कार्यविधिको दफा १२ वमोजिमको सविकमा रहेको 'वालमैत्री स्थानीय शासन नगर समिति' पुन:गठन गरी नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठको अध्यक्षतामा देहायका सदस्य / पदाधिकारीहरु रहने गरी नगर समिति गठन गर्ने –

१४.३ दफा १२ (३) को स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि मध्य यस नगरपालिकामा खटिनु भएका नगर स्वास्थ्य संयोजकलाई सदस्य मनोनयन गर्ने ।

१४.४ दफा १२ (४) वमोजिम शिक्षा कार्यालयका प्रमुख वा प्रतिनिधि यस नगरपालिकामा खटिई आउने नगर शिक्षा संयोजकलाई सदस्य मनोनित गर्ने ।

१४.५ दफा १२(५) को महिला तथा वालवालिका कार्यालयवाट यस कार्यालयमा खटिई आउनु भएका कर्मचारीलाई मनोनयन गर्ने ।

१४.६ दफा १२(६),(७) र (८) का सदस्यहरु पछि उपलब्ध भएपश्चात मनोनयन गर्ने गरी हाललाई समितिको आकार छरितो वनाउने ।

१४.७ देवचुली नगरपालिका, सामाजिक विकास समितिका संयोजकलाई उक्त समितिको सदस्यको रुपमा मनोनयन गरी यस नगरपालिकामा कार्यरत सामजिक विकास शाखा प्रमुख, वालमैत्री सहजकर्ता र यूनिसेफ नेपालका प्रतिनिधिलाई वैठकमा आमन्त्रण गर्ने ।

१४.९ देवचुली नगरपालिकालाई यथासक्य छिटो वालमैत्री नगर घोषणा गर्न वजेट, कार्यक्रम र समयसिमा सहितको कार्यान्वयन योजना तयार पारी आगामी कार्यपालिका बैठकमा पेश गर्न यस नगरकार्यपालिकाका सामाजिक विकास समितिका संयोजक एंव वालमैत्री स्थानीय शासन नगर समितिका मनोनित सदस्यको संयोजकत्वमा देहायको कार्यदल गठन गर्ने ।

(क) संयोजक, सामाजिक विकास समिति, नगरकार्यपालिका – संयोजक

(ख) नगर शिक्षा संयोजक - सदस्य

(ग) नगर स्वास्थ्य संयोजक - सदस्य

(घ) वालमैत्री सहजकर्ता - सदस्य

(ङ) प्रमुख, सामाजिक विकास शाखा - सदस्य-सचिव

Scanned by CamScanner

१४.१० कार्यदलले आवश्यकता अनुसार २ जना सम्म वाह्यक्षेत्रका विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

निर्णय – १५

यही श्रावण र भाद्र महिनामा परेको भिषण वर्षातका कारण क्षति हुन पुगेका यस नगरक्षेत्रका सार्वजनिक भौतिक संरचना (वाटो, नहर, कुलो आदी) मध्ये ग्याविन जालीको लागि सम्बन्धित निकायमा लेखि पठउने र व्यक्तीगत संरचना समेतको मर्मत सम्भार र राहत सम्बन्धमा देहाय वमोजिम सम्बोधन गर्ने ।

१. असहाय वाल संरक्षणको लागि आवास निर्माण । दे.न.पा. – २ ( रु. १५,३६६।-)
२. लेखराम चौधरीको घर मर्मत । दे.न.पा. – २ ( रू. १५ हजार )
३. वन्दीपुर जाने गोरेटो वाटो मर्मत । (रू. ५० हजार )
४. हुमदत्त पोखरेल र दुलुक शर्मा चापागाई घर मर्मत । दे.न.पा. - ५, (रू. १५ हजारका दरले)
५. सितावास नहर जल उपभोक्ता व्यवस्थापन । दे.न.पा. – ७ ( रू. ५० हजार )
६. मुण्डे किर्तिपुर बाटोमा पहिरो हटाई वाटो सुचारू गर्न । (रू. ५० हजार)
७. देनपा १३ मा भएको क्षतिका लागि रु.
८. देनपा १५ मा भएको क्षतिका लागि रु.
९. देनपा १६ मा भएको क्षतिका लागि रु. ५० हजार ।

निर्णय -१६

एन. आई. सी. एशिया बैंक लि., थापाथली काठमाण्डौको प्रस्ताव अनुसार आवश्यक प्रक्रिया पुरा गरी यस देवचुली नगरपालिका परिसरभित्र बैंकको काउन्टर स्थापना गरी कारोवार गर्न सहमति प्रदान गर्ने ।

निर्णय -१७

यस देवचुली नगरपालिकामा घरेलु तथा साना उद्योग विकास शाखा स्थापना गरी जनशक्ती व्यबस्थापन गर्ने र सो को जानकारी सहित परासीमा रहेको घरेलु तथा साना उद्योग कार्यालयवाट देवचुली नगरपालिकासंग सम्बन्धित सम्पूर्ण अभिलेख यथासिघ्र नगरपालिकामा पठाउने व्यवस्थाका लागि लेखि पठाउने निर्णय गरियो ।

निर्णय -१८

देवचुली नगरपालिका क्षेत्रभित्र निजी, सार्वजनिक घर, भवन, टहरा आदी निर्माण गर्न यस नगरपालिकावाट अनिवार्य रुपमा नक्शापास र अनुमति लिएर मात्र निर्माण गर्न सार्वजनिक सूचना गर्ने र विना अनुमति हुने निर्माण कार्य तत्काल रोक्न निर्देशन गर्ने र अटेर गरेमा नगरपालिकाको सेवा रोक्का राखी कारवाही प्रकृया अघि वढाउने । नक्शापास प्रक्रिया वडापत्रमा तोकिएको समयभित्र सम्पन्न नभएमा नगरपालिकामा लिखित उजुरी लिई सम्बन्धित कर्मचारीलाई कारवाहीको दायरामा ल्याउन कार्यालयलाई कार्यकारी अधिकृत मार्फत निर्देशन दिने ।

निर्णय -१९

नगापालिको मुख्य वाटोको रुपमा रहेको दलदले मुण्डे वाटो निर्माण कार्य ढिलासुस्ती भएको देखिएकोले के भएको हो ? उक्त वाटोको उपभोक्ता समिति सँग तीन दिन भित्र लिखित जानकारी माग गर्ने र सो को बोधार्थ सम्बन्धित निकायलाई दिने ।

Scanned by CamScanner

२०७८।०५।२३

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको आगामी बैठक यहि २०७८ भाद्र २६ गते सोमबारका दिन दिउसो २:०० बजे बस्ने गरी आव्हान गर्दछु ।

पूर्ण कुमार ढोवल
नगर प्रमुख

आज मिति २०७४ भाद्र २६ गते सोमबारका दिन यस देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको आठौं बैठक बस्यो।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगरप्रमुख | [illegible] |
| २.) | श्री पार्वता तिवारी | नगरउपप्रमुख | [illegible] |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | [illegible] |
| ४.) | श्री माधव के.सी. | " | [illegible] |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | [illegible] |
| ६.) | श्री गिरबहादुर थापा क्षेत्री | " | [illegible] |
| ७.) | श्री शिवलाल सापकोटा | " | [illegible] |
| ८.) | श्री मिन बहादुर सोती मगर | " | [illegible] |
| ९.) | श्री भुपराज पाठक | " | [illegible] |
| १०.) | श्री चन्द्रबहादुर सिंजाली | " | [illegible] |
| ११.) | श्री मेखबहादुर थापा सारु मगर | " | [illegible] |
| १२.) | श्री केशर आले | " | [illegible] |
| १३.) | श्री रमेशबहादुर काडा | " | [illegible] |
| १४.) | श्री दिनानाथ भुसाल | " | [illegible] |
| १५.) | श्री डिलबहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | [illegible] |
| १७.) | श्री हरिभक्त भट्टराई | " | [illegible] |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | [illegible] |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | [illegible] |
| २१.) | श्री शकुन्तला गुरुङ | " | शकुन्तला |
| २२.) | श्री सर्वाचन्द्र सुवेदी | " | [illegible] |
| २३.) | श्री माया सुवेदी | " | [illegible] |
| २४.) | श्री नव कुमारी शर्मा | " | [illegible] |
| २५.) | श्री कमला दमाई | " | [illegible] |
| २६.) | श्री खेमलाल नेपाली | " | [illegible] |
| २७.) | श्री भोजबहादुर माझी | " | [illegible] |
| २८.) | श्री मानबहादुर खड्का | सदस्य - सचिव | [illegible] |
| २९.) | श्री श्रीभद्र पौडेल | लेखा अधिकृत | [illegible] |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | [illegible] |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ३१) | श्री मोती प्रसाद रिजाल | शाखा-अधिकृत | |
| ३२.) | श्री सन्तोष वाग्ले | ईन्जिनियर | |
| ३३.) | श्री कृष्ण बहादुर आले | स्वकीय-सचिव (न | |
| ३४.) | श्री हरिप्रसाद पोखरेल | कार्यक्रम संयोजक | |

**निर्णय प्रस्तावहरु :**

१. **यहि भाद्र २३ गते परेको ३८ औं राष्ट्रिय शिक्षा दिवश तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस सम्बन्धमा ;**

विकासको महत्वपूर्ण आयाम मानव विकास हो। मानव विकासको लागि सुरक्षित मातृत्व, स्वास्थ्य र शिक्षा प्राथमिक आवश्कताहरु हुन्। नेपालको संविधान जारी भई सो अनुसार स्थानीय तह निर्वाचन सम्पन्न भइसकेकोले नगरपालिकाले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्नुपर्ने संवैधानिक कार्यसूची रहेको सन्दर्भमा आगामी दिनमा नगर शिक्षा नीति के कस्तो हुने ? भन्ने विषयमा सरोकारवालाहरुसँगको छलफल महत्वपूर्ण हुन्छ।

उपरोक्त सम्बन्धमा यहि भाद्र २३ गते प्रगतिनगर सिकाई केन्द्र र रजहर सिकाई केन्द्रको आयोजनामा देवचुली नगरपालिका क्षेत्रका शिक्षण संस्थाको अध्यक्ष तथा प्र.अ.हरु एवं देवचुली नगरकार्यपालिका सदस्यहरुको उपस्थितिमा अन्तरक्रिया भएको र यस नगरपालिकालाई सहआयोजना तथा आर्थिक सहयोग माग भएकोमा रु. ८,०००।– (आठ हजार) सहयोग उपलब्ध गराउने।

२. **कृषि विकास तथा पशु विकास कार्यक्रमको लागत सम्बन्धमा ;**

चालु आ.व.को लागि गत असार २९ गते सम्पन्न प्रथम देवचुली नगरसभावाट नीति तथा कार्यक्रमहरु परित गरी कार्यान्वयनमा रहेका छन्। २०७४ असार महिनामा यस नगरपालिकालाई उपलब्ध खर्च सीमाका आधारमा वडा र नगर स्तरीय योजनाहरुमा बजेट विनियोजन नगरसभावाट भइ सके पश्चात श्रावण महिनामा कृषि विकास तथा पशु सेवा विकास लगायतका विषयगत क्षेत्रका कार्यक्रम सञ्चालन लागत समेत उक्त खर्च सिमा भित्र समावेश भएको जानकारी प्राप्त भएको र हालै कृषि विकास कार्यालय तथा पशु सेवा विकास कार्यालयवाट यस देवचुली नगरपालिकामा खटिई आउनु भएका कर्मचारीहरुवाट चालु आ.व. मा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरु स्वीकृती तथा वजेट माग भएको छ।

उपरोक्त सम्बन्धमा यस प्रकारका कार्यक्रमहरु सञ्चालन गर्न वजेट नरहेको जानकारी पत्र सम्बन्धित मन्त्रालयहरुमा समेत पठाई सकिएको भए पनि पुन: बजेट विनियोजन भई आउने यकिन हुन नसकेको र हाल कृषि विकास तथा पशु सेवा विकासको क्षेत्रमा विउ वितरण, भ्याक्सिन तथा पशु स्वास्थ्य जाँच जस्ता अत्यावश्यक विषयहरु तत्काल कार्यान्वयनमा लैजानु पर्ने देखिन आयो। देवचुली नगरसभाबाट पारित कार्यक्रमहरु मध्ये आवधिक योजना निर्माण शिर्षकमा रकम विनियोजन भएको र शहरी विकास तथा भवन निर्माण विभागबाट एकीकृत शहरी विकास तथा भवन निर्माण विभागबाट एकीकृत शहरी विकास योजना निर्माण हुने जानकारी प्राप्त भएकोले सो बजेटबाट हाललाई कृषि विकास तथा पशु सेवा विकासको क्षेत्रमा प्रस्तावित कार्यक्रमहरु मध्ये तालिम, गोष्ठि, अनुदान, फर्निचर फिक्चर्स, पूर्वाधार निर्माण जस्ता कार्यक्रममा खर्च नगर्ने र कृषि र पशु सम्बन्धी अत्यावश्यक सेवा प्रवाहलाई सुचारु गर्ने गरी ती विषयगत क्षेत्रमा ६।६ लाख रकमान्तर गर्ने।

Scanned by CamScanner

३. वस स्टप निर्माण तथा सवारी तथा यातायात नियमन सम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव ;

यस नगरपालिकाको दलदले चोकमा अनियन्त्रित रुपमा सार्वजनिक सवारीहरु रोक्ने गरिएको एंव अव्यवस्थित रुपमा राखिएको ठेलागाडा तथा तरकारी, फलफूल पसलका कारण सडक दुर्घटना भएका दुखद: समाचारहरु प्राप्त भईरहेका छन् । यस सम्बन्धमा दलदले चोक क्षेत्र लगायत अन्य दुर्घटना जोखिमयुक्त क्षेत्रमा बस स्टपहरु निर्माण गरी यातायात व्यबस्थित गराउने र अव्यवस्थित तरकारी,फलफूल पसल, ठेला गाडा आदीलाई अन्यत्र व्यवस्थापन गर्नुपर्ने भएको छ । यसका लागि कार्यपालिकाको पूर्वाधार विकास समितिलाई ३ दिनभित्र बस स्टप निर्माण गर्नुपर्ने स्थल एवं तरकारी, फलफूल व्यवस्थापनको वैकल्पिक व्यबस्था सहित लागत अनुमान र प्रतिवेदन तयार गर्न लगाईनगरक्षेत्र पूर्वाधार निर्माण स्तरउन्नति शीर्षकमा विनियोजित रकमबाट कार्यान्वयनमा लैजाने व्यबस्था मिलाउने ।

४. जितिया पर्व सम्बन्धी ;

थारु जातीहरुको पर्व जितियाको अवसरमा संस्कृति प्रवर्धन र संरक्षण गर्ने उद्देश्यले सञ्चालन हुन लागेको १३औं थारु जितिया गोल्ड कप कार्यक्रम गर्न नारायणी उपभोक्ता समूहले सहयोग माग गरेकोमा रु १५०००।– (पन्ध्र हजार) सम्म पुरस्कार प्रायोजन गर्न संस्कृति प्रवर्धन शीर्षकबाट उपलब्ध गराउने ।

५. राष्ट्रिय वाल दिवश मनाउने सम्बन्धमा ;

यहि भाद्र २९ गते राष्ट्रिय वाल दिवशको अवसरमा देवचुली नगरपालिका वालमैत्री नगर घोषणाको तयारीमा रहेको सम्बन्धमा उपयुक्त कार्यक्रम गर्नुपर्ने भएकोमा जागृति वालक्लबले कार्यक्रमको आयोजना गर्ने सूचना प्राप्त भएकोमा कार्यक्रममा दोहोरोपना नहुने गरी साझेदारी गर्नका लागि वालवालिका लक्षित कार्यक्रम शीर्षक अन्तर्गतबाट रु २५०००।– (पच्चीस हजार) र प्रतियोगीलाई पुरस्कार वापत रु १०,०००।– (दश हजार) समेत गरी रु ३५,०००।– (पैंतिस हजार) सहयोग साझेदारी गर्ने ।

६. सि.सि. टि.भी. जडान सम्बन्धमा ;

आ.व. ०७३।७४ मा नगरपालिकाको विभिन्न क्षेत्रमा सि.सि. क्यामेरा जडान गर्न रु. तीन लाख विनियोजन भई खर्च नभएको र यस आ.व. मा उक्त रकम बाँकि रहन आएकोमा गत भाद्र १५ गते यस नगरपालिकामा बसेको सरोकारवालाहरुको बैठकबाट न्यूनतम २०% बजार व्यबस्थापन समितिको लागत सहभागिता रहने गरी ६ वटा क्यामेरा जडान गर्न नगरपालिकाबाट रु. ४ लाख लागत व्यहोर्नुपर्ने भएकाले थप रु १लाख विनियोजन गर्ने ।

७. योजनाका शीर्षक परिवर्तन सम्बन्धमा ;

नगरपालिकामा सञ्चालन हुने विभिन्न योजनाहरु को कार्यान्वयन गर्नका लागि वडा समितिको निर्णय अनुसार देहायका योजनाका शीर्षक परिवर्तन गर्ने ;

Scanned by CamScanner

(क.) साना पूर्वाधार कार्यक्रम अन्तर्गत आ.व. ०७४।७५ को वडा नं. ९ मा ह्यूम पाईप निर्माण शीर्षकलाई कल्भर्ट निर्माण गर्ने गरी परिवर्तन गर्ने ।

(ख.) सकला प्रा.वि. वडा नं. ५ मा कम्पाउण्ड वाल निर्माण गर्ने भनिएकोमा भवन निर्माण गर्ने ।

(ग.) नेपाल धर्ती प्रा.वि. वडा नं. ५ मा कम्पाउण्ड वाल निर्माण गर्ने भनिएकोमा भवन निर्माण गर्ने ।

(घ.) नगरस्तरीय योजना अन्तर्गत वडा नं. १५, संयुक्त चोक देखि प्रगति नि.मा.वि., पशुपति साङ्वेद हुँदै धौलागिरी चोकसम्म कालोपत्रे गर्ने भनिएकोमा उक्त कार्यको लागि सम्पूर्ण पूर्वाधार तयार भइ नसकेको हुँदा सडकको दुवै तर्फ ढुङ्गाको वाल लगाउने र खाडलहरु पुरी सडक लेवल गर्ने ।

८. **सुकुम्वासी लगत सम्बन्धमा ;**

यस देवचुली नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सुकुम्वासीहरुको लगत सम्बन्धित वडा समिति मार्फत संकलन गर्न आवश्यक निर्देशन गर्ने ।

Scanned by CamScanner

२०७४।०६।२९

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको आगामी बैठक यहि २०७४ असोज ३१ गते बिहान ७:३० बजे बस्ने गरी आव्हान गर्दछु ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको २०७४ असोज ३१ गते बिहान ७:३० बजे बस्ने भनिएको बैठक विशेष कारणवश स्थगन गरिएको छ। साथै आगामी बैठक मिति २०७४ कार्तिक ०६ गते सोमबार दिनको १:०० बजे बस्ने गरि आव्हान गर्दछु ।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

आज मिति २०७४ कार्तिक ६ गते सोमबारका दिन यस देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नवौं बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर-प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर-उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा न्यौपाने | " | का.मु. |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर सोती मगर | " | |
| ९.) | श्री भुपराज पाण्डे | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री मेख बहादुर थापा सारू | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर राना | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री स्वप्निल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री सुबोधचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री मोजबहादुर मास्की | " | |
| २८.) | श्री मानबहादुर खड्का | सदस्य-सचिव | |
| २९.) | श्री प्रमोद पौडेल | लेखा अधिकृत | |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | |

Scanned by CamScanner

३१) श्री सन्तोष डाफले इन्जिनियर

३२) श्री कृष्ण बहादुर आले स्वकीय सचिव

३३) श्री त्रिलोचन बस्याल इन्जिनियर

**निर्णय नं. १ : योजना संकलन तथा उपभोक्ता तालिम सम्बन्धमा ।**

चालु आ.व. २०७४।०७५ मा यस नगरपालिकामा सञ्चालन हुने योजना कार्यान्वयनका लागि उपभोक्ता समितिहरु गठन भईसकेका र उक्त समितिका पदाधिकारीहरुलाई योजना सञ्चालन तथा कार्यान्वयन प्रक्रिया सम्बन्धी तालिम आवश्यक भएको हुँदा यथासक्य छिटो तालिम सञ्चलनको लागि योजना शाखा र शहरी विकास शाखालाई जिम्मेवारी दिने । साथै सम्बन्धित वडा अध्यक्षज्यूहरुले समन्वकारी भूमिका प्रदान गर्ने ।

**निर्णय नं. २ : लघु उद्यम विकास कार्यक्रम सम्बन्धमा ।**

उद्योग मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्वारा सन् १९९८ देखि संचालित लघु उद्यम विकास कार्यक्रम (मेडेप) ले स्थानीय स्रोत साधनमा आधारित र स्थनीय श्रमको प्रयोगमा न्यून पूँजी लगानी गरी विपन्न वर्गमा रोजगारी सिर्जना र गरिवी न्यूनिकरणमा महत्वपूर्ण योगदान गर्दै आएकोमा देवचुली नगरपालिका र लघु उद्यम विकास कार्यक्रम (मेडेप), क्षेत्रीय सहयोग कार्यालय पोखरा बीच लघु उद्यम विकास नमूना कार्यक्रम संचालनको लागि समझदारीपत्र (MoU) मा हस्ताक्षर गरिएकोले सहमति वमोजिमका निम्न कार्यहरु गर्ने ,

(क.) नगर लघु उद्यम विकास समिति गठन गर्ने,

नगर प्रमुख – संयोजक
नगर उपप्रमुख – सदस्य
कार्यकारी अधिकृत – सदस्य
कार्यक्रम लागू हुने वडामध्येवाट १ जना वडा अध्यक्ष - सदस्य
कार्यक्रम लागू हुने वडामध्येवाट १ जना दलित वा अल्पसंख्यक सदस्य - सदस्य
कार्यक्रम लागू हुने वडामध्येवाट १ जना महिला सदस्य – सदस्य
लघु उद्यमी समूह प्रतिनिधि १ जना – सदस्य
उद्योग विकास शाखा प्रमुख – सदस्य सचिव

(ख.) उद्यम विकास कोष स्थापना गर्ने ; महिला लक्षित कार्यक्रम शीर्षक वाट रु ७ लाख ५० हजार र अन्य लक्षित वर्ग कार्यक्रम शीर्षकबाट रु ७ लाख ५० हजार गरी जम्मा रु १५ लाख को कोष स्थापना गर्ने ।

**निर्णय नं. ३ : वडा नं. १७ का कार्यालय सहयोगीको पारिश्रमिक सम्बन्धमा ।**

यस नगरपालिका वडा नं. १७ को वडा कार्यालय स्थापना भई सेवा प्रवाह समेत सुचारू गरिसकिएको छ । उक्त कार्यालयको लागि एक जना कार्यालय सहयोगी आवश्यक रहेको हुँदा वडा समितिको निर्णय अनुसार देवचुली १७ का श्री लक्ष्मी कंडेललाई दैनिक ज्यालादारीमा मासिक रु ९०००।– ( नौ हजार) मा नबढ्ने गरी पारिश्रमिक दिई परिक्षणकालमा सेवा करार गर्ने ।

Scanned by CamScanner

**निर्णय नं. ४ : योजनाको कन्टेन्जेन्सी सम्बन्धमा ।**

यस नगरपालिकामा उपभोक्ता समिति मार्फत हुने विकास निर्माण कार्यको भुक्तानी हुँदा कन्टेन्जेन्सी अन्तर्गत ३ प्रतिशत कट्टा हुँदै आएकोमा हाल योजनाको संख्या र भुक्तानी परिमाण वृद्धि हुन गएको सन्दर्भमा साविकको ३ प्रतिशतलाई आधा घटाई १.५ प्रतिशतमा सिमित गर्ने र सो कट्टा गरिएको रकमवाट देहाय वमोजिमका शीर्षकहरुमा प्रचलित कानून वमोजिम खर्च गर्ने –

(क.) प्राविधिक सहायक छविलाल गौतमको तलवभत्ता बापतको रकम,

(ख.) उपभोक्ता समितिका पदाधिकारीको तालिम लागत,

(ग.) नगरस्तरीय योजना अनुगमन लागत तथा अन्य तालुक निकायवाट हुने अनुगमन लागत भत्ता,

(घ.) प्राविधिकहरुको फिल्ड सुपरिवेक्षण लागत, इन्धन, भ्रमण भत्ता, छपाई, प्राविधिक सामाग्री खरिद, उपभोक्ता समितिसंग सम्बन्धित कागजपत्र छपाई,

(ङ.) अन्य ।

**निर्णय नं. ५ : नगरपालिकाका बजार क्षेत्रमा व्यबस्थित पार्किंङ र बस पार्क निर्माण सम्बन्धमा ।**

देवचुली नगरपालिका क्षेत्रका राजमार्ग आसपासका मुख्य बजारक्षेत्रहरु दलदले, प्रगतिनगर, केउरानी, रजहर, फाराम चोक लगायतका स्थानमा सवारी साधनहरु जथाभावी रुपमा पार्किङ गर्ने, निर्माण सामाग्री लगायत ठेलागाडाहरु पनि अव्यबस्थित तवरले संचालन भएकोले आवागमनमा कठिनाई भई दुर्घटनाको जोखिम समेत बढ्न गएकोले नगरकार्यपालिकाको भौतिक पूर्वाधार विकास समितिले स्थलगत अध्ययन (दलदले बजार क्षेत्र मात्र) समेत गरी प्रतिवेदन पेश गरेकोमा सम्बन्धित वडा समितिको सुझाव समेत संलग्न गरी उपयुक्त स्थानमा बसपार्क निर्माण समेतको प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ६ : अन्तरक्रिया, गोष्ठी सम्बन्धमा ।**

नवलपुर जिल्ला साथै नारायणी नदी किनारका स्थानीय तहहरु एंव नारायणी कोरिडोर आसपासका स्थानीय तहका प्रमुख, उप प्रमुख एंव कार्यकारी अधिकृतको सहभागितामा यस क्षेत्रको समग्र विकासका सम्भावना र सहकार्यका क्षेत्रहरु विषयक अन्तरक्रिया गोष्ठी आयोजना गर्ने ।

**निर्णय नं. ७ : विद्युत महशुल काउण्टर स्थापना सम्बन्धमा ।**

देवचुली नगरपालिका क्षेत्रका नागरिकहरुलाई विद्युत महशुल बुझाउनका लागि कावासोती सम्म पुग्नुपर्दा दुरी र समयको हिसाबले कठिनाई परेको देखिन आएको हुँदा देवचुली नगरपालिकामा नै विद्युत महशुल काउण्टर स्थापना गर्नका लागि नेपाल विद्युत प्राधिकरण कावासोतीमा पत्राचार गर्ने ।

Scanned by CamScanner

**निर्णय नं. ८ : जिल्ला दररेट सम्बन्धमा ।**

जिल्ला प्राविधिक कार्यालयबाट प्राप्त नमूना जिल्ला दरको बारेमा पूर्वाधार विकास समितिमा भएको छलफलले लेवर र मिस्त्रीको दर क्रमश: ४८५ को सट्टा ५०० र ७१५ को सट्टा ७५० कायम गर्न सिफारिश भएकोमा सो नमूना दरलाई संशोधन गरी अन्य दरहरु सोही अनुसार नै कायम गर्ने गरी जिल्ला दर अनुमोदन गर्ने ।

**निर्णय नं. ९ : आर्थिक सहयोग सम्बन्धमा ।**

देवचुली नगरपालिका वार्ड नं. १५ स्थित ब्रह्मकुमारी राजयोग सेवा केन्द्र ज्ञान दर्शन भवन प्रगतिनगरको भवन निर्माणार्थ ३० बोरा सिमेन्टको खर्च रकम रु २४०००.१८।– ( चौबिस हजार रुपैंया अठार पैसा ) कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं. १० : वालमैत्री घोषणा कार्ययोजना सम्बन्धमा ।**

नेपालको पहिलो वालमैत्री गा.वि.स., साविक प्रगतिनगर समावेश भएको यस नगरपालिकालाई यथाशक्य छिटो वालमैत्री नगरपालिका घोषणा गर्नुपर्ने भएकोले कार्यपालिकाको सामजिक विकास समितिका संयोजकको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा लैजाने ।

**निर्णय नं. ११ : महिला स्वास्थ्य स्वंयसेविकाहरुको खाजा र मासिक बैठक खर्च सम्बन्धमा ।**

देवचुली नगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वंयसेविकाहरुको साविक देखि नै उपलब्ध गराईएको मासिक (खाजा खर्च / यातायात खर्च) प्रतिव्यक्ति रु ५००।– का दरले उपलब्ध गराउन चालु आ.व.को महिला लक्षित कार्यक्रममा विनियोजित रकमबाट उपलब्ध गराउने ।

Scanned by CamScanner

२०७४।०७।१९

यस देवचुली नगरपालिका नगरकार्यपालिकाको आगामी बैठक मिति २०७४ कार्तिक २२ गते बुधबारका दिन, दिउँसो ठिक २:०० बजे बस्ने गरी आव्हान गर्दछु।

पूर्णकुमार डोटेल
नगर-प्रमुख

आज मिति २०७४ कार्तिक २२ गते बुधवारका दिन यस देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको दशौं बैठक बस्यो।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर सोती मगर | " | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री मेख बहादुर थापा साह मगर | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर ठाडा | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री डिल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री सुबोचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | |
| २५.) | श्री कमला कुमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोजबहादुर माझी | " | |
| २८.) | श्री मानबहादुर खड्का | सचिव | |
| २९.) | श्री श्रीभद्र पौडेल | लेखा अधिकृत | |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | |

आमन्त्रित

१.) ई. श्री टिकाराम कयाल योजना शाखा प्रमुख

**निर्णय नं. १ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धमा ।**

नेपाल सरकारवाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रमाणिकरण भई प्राप्त भएकोले ऐनको प्रति कार्यपालिकाका सबै सदस्यहरुलाई उपलब्ध गराई नगरपालिकाका सम्पूर्ण काम कारवाही सोही ऐन तथा अन्य प्रचलित कानून वमोजिम हुनेगरी अभिमूखिकरण गरियो ।

**निर्णय नं. २ : पदाधिकारीहरुको आचारसंहिता, २०७४ सम्बन्धमा ।**

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाट प्राप्त पदाधिकारीहरुको आचारसंहिता, २०७४ को (नमूना) बारेमा जानकारी गराईयो ।

**निर्णय नं. ३ : योजना कार्यान्वयनका निम्ति कानून निर्माण सम्बन्धमा ।**

नगरपलिकामा सञ्चालित योजनाहरु कार्यान्वयनका क्रममा हुने गरेका अवरोघ र असहयोगका कारण योजना सम्पन्न हुन नसकेका उदाहरण पनि छन् । यस विषयको आवश्यक व्यबस्थाका लागि नगर कानून निर्माण गर्नुपर्ने भएको हुँदा कार्पालिकाको विधायन समितिले आवश्यक मसौदा तयार गरी पेश गर्ने ।

**निर्णय नं. ४ : सामाजिक परिचालन कार्यक्रम सम्बन्धमा ।**

हाल यस नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरुको एल.जि.सि.डि.पी. तर्फको कार्यक्रम अन्तर्गतको सेवा करार समाप्त हुने र नगरपालिकाको सेवा प्रवाह सूचारु गर्न जनशक्ती आवश्यक पर्ने भएकोले लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न समेत सामाजिक परिचालन ढाँचा आवश्यक पर्ने हुँदा सामजिक परिचालकहरुलाई स्थायी पदपूर्ति नभए सम्मको लागि बढीमा चालु आ.ब.को असार मसान्त सम्मका लागि लघु उद्यम विकास कोषवाट तलब भत्ता उपलब्ध गराउने र हाल खाईपाई आएको सुविधामा नबढ्ने गरी सेवा करार गर्ने ।

**निर्णय नं. ५ : कर्मचारी अभाव पूर्ति सम्बन्धमा ।**

यस नगरपालिकामा एल.जि.सि.डि.पी. अन्तर्गत स्थानीय सेवा प्रदायकको रुपमा कार्यरत हरी प्रसाद पोखरेललाई हालको जनशक्ती अभावलाई मध्यनजर राख्दै सहायकस्तर चौथो तहको सेवा सुविधामा नबढ्ने गरी कन्टेन्जेन्सी रकमवाट तलब भत्ता उपलब्ध गराई वढीमा यस आ.ब. को असार मसान्त सम्मका लागि सेवा करार गर्ने र नगरक्षेत्रभित्रका सञ्चालित योजनाहरुको स्थलगत अनुगमन र प्रतिवेदन एंव सामाजिक परिचालन कार्यक्रम संयोजकको समेत कार्य गराउने ।

२०६८।६।२८

Scanned by CamScanner

**निर्णय नं. ६ :जिल्ला स्तरको जनस्वास्थ्य कार्यालय स्थापना सम्बन्धमा ।**

देवचुली नगरपालिकाका नगर प्रमुख, नगर उप-प्रमुख एंव कार्यालय प्रमुख समेत स्वास्थ्य शाखाको बैठकको निर्णयानुसार हाल नवलपरासी जिल्ला विभाजन भई यस नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा जिल्ला स्तरको जनस्वास्थ्य कार्यालय देवचुली ३ मा अवस्थित दुम्कौली प्रा. स्वा. केन्द्रलाई वनाउनको निम्ति सम्बन्धित निकायमा सिफारिस गर्ने । साथै देवचुली १६, रजहरमा रहेका कृषि विकास एंव पशु सेवा कार्यालयलाई पनि जिल्ला स्तरीय कार्यालय वनाउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ७ : वडा कार्यालय स्थापना सम्बन्धमा ।**

देवचुली नगरपालिका वडा नं. ५, वडा नं. ६ र वडा नं. १२ बाट वडा कार्यालय स्थापना साथै सञ्चालनका लागि अनुमति माग भई आएकोमा वडा नं. ५ को लागि वडा सचिव तोकिसकिएको छ, भवन निर्माण गर्न सार्वजनिक जग्गा समेतको खोजी भएको निवेदन प्राप्त भएकोमा सार्वजनिक सेवा तथा क्षमता विकास समितिले वडा कार्यालय स्थापनाका देहायका आधारहरु सिफारिस गरेकोमा सोही अनुरुप गर्ने, साथै वडा नं. ६ र १२ का प्रस्तावित स्थानहरुमा वडाको केन्द्रको हकमा पछि नगरसभाले निर्णय गरे वमोजिम हुनेगरी हाललाई सम्पूर्ण प्रशासनिक कार्य साविक बमोजिम नगरपालिका कार्यालयवाटै हुने गरी सम्पर्क कार्यालय स्थापना गर्न सहमति दिने र ती स्थानहरुमा हाल पूर्वाधार निर्माण गर्न लगानी नगर्ने ।

<u>जग्गा र भवन सम्बन्धमा देहायबमोजिम हुने :</u>

४. जग्गाको स्थलगत प्राविधिक प्रतिवेदन, जग्गाको फिल्ड वुक प्रतिलिपि र निर्णय संलग्न गर्ने,

५. उक्त प्रतिवेदन र निर्णय जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको सार्वजनिक जग्गा संरक्षण, भोगाधिकार सिफारिस समितिमा पेश गर्ने,

६. प्रकरण २ वमोजिम निर्णय भएपश्चात लगत ईष्टिमेट सहित मन्त्रालयमा पेश गर्ने ।

<u>नयाँ वडा कार्यालय स्थापनाका आधारहरु :</u>

९. वडा कार्यालय स्थापना तथा स्थायी संरचना निर्माणका लागी सरकारी / सार्वजनिक जग्गा (कम्तीमा २ कठ्ठा) वा निर्मित संरचना नगरपालिकाको स्वामित्व वा भोगचलनको आधिकारपत्र प्राप्त गर्न मिल्ने हुनुपर्नेछ ।

१०. सबै वडाबासीको सहज पहुँचहुने गरी पायक पर्ने सम्भव भएसम्म सार्वजनिक यातायातका सेवाको पँहुच भित्र कार्यालय हुनुपर्ने ।

११. जनसंख्या , सेवाग्राहीको अनुपात र कार्यबोझका आधारमा संयुक्त वडा कार्यालय स्थापना गर्नु (मितव्ययी) उपयुक्त हुने ।

१२. वडा कार्यालय विद्यालय / धार्मिक स्थल / स्वास्थ्य संस्था आदीलाई प्रतिकुल असर नपुग्ने दुरीमा हुनुपर्ने ।

१३. कार्यालय भाडामा लिएर संचालन गर्नुपर्ने भएमा कम्तीमा चार वटा कोठा भएको, सवारी साधन पार्किङ्ग गर्न मिल्ने ( मोटर साइकल ३०, चारपाङ्ग्रे सवारी ५), सूरक्षाका हिसाबले कम्पाउण्ड वाल भएको हुनुपर्ने ।

१४. कार्यालय भाडामा लिंदा पर्याप्त सुरक्षा व्यबस्था साथै सेवाग्राही लाइन लाग्ने ठाँउ, आराम गर्न पुग्ने स्थान, खानेपानी एंव शौचालय जस्ता पूर्वाधार भएको हुनुपर्ने ।

१५. वडाको केन्द्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके वमोजिम हुने ।

१६. सम्बन्धित वडा समितिले आवश्यक देखेका अन्य विषयहरु ।

Scanned by CamScanner

**निर्णय नं. ८ : सडक वोर्डका योजना सम्बन्धमा ।**

सडक वोर्डबाट प्राप्त रकम रु ३० लाख देहाय वमोजिमका सडकहरुको मर्मत तथा स्तरउन्नती गर्न विनियोजन गर्ने ।

१. (७) प्रगतिनगर चोक देखी भटार चोक सम्म कालोपत्रे मर्मत, वार्ड नं. १५ – ५०००००|००

२. (८) अस्पताल चोक देखी देखी तल मिलन चोक कालोपत्रे मर्मत, वार्ड नं. १ – ५०००००|००

३. (९) केउरेनी चोक देखी उत्तरतर्फ कालोपत्रे मर्मत, वार्ड नं. ३ – ५०००००|००

४. (१०) चौतारी मार्ग सामुदायिक वन जाने वाटो स्तरउन्नती, वार्ड नं. १७ – ५०००००|००

५. (११) कीर्तिपुर – वन्दीपुर सडक मर्मत तथा स्तरउन्नती, वार्ड नं. ६ – ५०००००|००

६. (१२) कदमपुर – वन्दिपुर सडक मर्मत तथा स्तरउन्नती, वार्ड नं. ५ – ५०००००|००

**निर्णय नं. ९ : योजनाको शिर्षक परिवर्तन सम्बन्धमा ।**

देवचुली १५ मा सञ्चालित देहायका योजनाहरुको शिर्षक परिवर्तन गर्ने भनी वडा समितिको निर्णय अनुसार गर्ने –

१. जनज्योती कलेजको कम्पाउण्ड व्यबस्थापन शिर्षकमा विनियोजन भएको रु ३ लाख (तीन लाख) उक्त कलेजको माथिल्लो तलामा कोठा पार्टेसन र प्लाष्टर कार्यमा खर्च गर्ने ।

२. कवि चोक देखी स्व. हिरालाल सरको घरसम्म वाटो स्तरउन्नती शिर्षकमा विनियोजन भएको रू ४ लाख ५० हजार (चार लाख पचास हजार) लाई शिर्षक परिवर्तन गरी गोदावरी मार्गमा रु २ लाख ५० हजार र सालघारी क्षेत्रमा आवश्यकता हेरी ह्यूमपाईप खरिद गर्न रु २ लाख विनयोजन गर्ने ।

३. त्यसैगरी देवचुली वार्ड नं. ४ को मिलन खोल्सी र ओम प्रकाशको घर नेर स्ल्याब निर्माण शिर्षकमा रु ३ लाख विनियोजन भएको र उक्त शिर्षकलाई मिलन खोल्सी नेर स्ल्याब निर्माणका लागि रु १ लाख ५० हजार र ओम प्रकाशको घर नेर स्ल्याब निर्माण गर्न रु १ लाख ५० हजार हुने गरी कार्यान्वयन गर्ने ।

Scanned by CamScanner

२०७४।०९।०२

यस हेवचुली नगरपालिका नगरकार्यपालिकाको आगामी बैठक मिति २०७४ पुस ४ गते मंगलबारका दिन दिउँसो ठिक १:०० बजे बस्ने गरी आव्हान गर्दछु ।

पूर्णकुमार डाँगी
नगर प्रमुख

आज मिति २०७४ पुस ४ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको एघारौं बैठक बस्यो।

उपस्थिति

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर सोती मगर | " | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री भैरव बहादुर थापा सारु | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर ढाडा | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री डिलबहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री सुबोधचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | |
| २५.) | श्री कमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोज बहादुर माझी | " | |
| २८.) | श्री मान बहादुर खड्का | सदस्यसचिव | |
| २९.) | श्री श्रीभद्र पौडेल | लेखा अधिकृत | |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | |

Scanned by CamScanner

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १) | श्री टिकाराम वस्याल | योजना शाखा प्रमुख | |
| २) | श्री सन्तोष थापले | शहरी विकास शाखा प्रमुख | |

**निर्णय : १**

(क) चितवन राष्ट्रिय निकुञ्ज बाट स्वीकृत यस नगरपालिका क्षेत्रभित्र पर्ने मध्यवर्ति क्षेत्रका लागि चालु आ.व. मा कार्यान्वयन हुन सिसवार मध्यवर्ती उपभोक्ता समितिबाट पेश भएका योजना तथा कार्यक्रमहरु सम्बन्धित वडा समितिहरुबाट निर्णय सिफारिस भई आए पश्चात कार्यान्वयन सहमति दिने।

(ख) नगरपालिका क्षेत्रभित्र हुने अन्य सरकारी/गैरसरकारी निकायका लगानीहरु यस नगरपालिकाको योजना पद्धतिमा समावेश हुनुपर्ने कानूनी व्यवस्था रहेकोले आगामी आ.व. मा हुने यस प्रकारको वजेट सिमा र मार्गदर्शन चालु आ.व. को चैत्र मसान्त भित्र यस नगरपालिकामा उपलब्ध हुने व्यवस्थाका लागि सम्बन्धित तालुक निकायहरुमा लेखी पठाउने।

**निर्णय : २**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट (IT officer) कम्प्यूटर अधिकृतको सेवा करार गर्न लेखी आएकोमा स्थानीय पत्रिकामा सूचना प्रकाशन गरी स्वच्छ प्रतिस्पर्धात्मक ढंगवाट उपयुक्त उम्मेदवार छनौट गर्न प्रशासकीय अधिकृत अविनाश पन्थीको संयोजकत्वमा कम्प्यूटर अपरेटर आकाश श्रेष्ठ सदस्य तथा LGCDP पोखरा वा अन्य औपचारिक निकायबाट विषय विज्ञ आमन्त्रण गरी छनौट प्रक्रिया अघि वढाउने।

**निर्णय : ३**

नगरक्षेत्र पूर्वाधार सुधार कार्यक्रम अन्तर्गत दलदलेमा देवचुली नगरपालिका प्रवेशद्वार निर्माण गर्ने तथा नगरपालिका कार्यालय प्रवेशद्वार निर्माण गरी कार्यालय परिसर सुरक्षित वनाउने। सो कार्यका लागि चालु आ.व.को नगरक्षेत्र पूर्वाधार स्तरोन्नति शिर्षकबाट खर्च गर्ने।

Scanned by CamScanner

## निर्णय : ४

(क) सरकारी/सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षण/उपयोग सिफारिस गर्न वातावरण संरक्षण तथा विपद् व्यवस्थापन समितिका संयोजकको नेतृत्वमा तपशिलको उप-समिति गठन गरी ३० दिनभित्र प्रतिवेदन माग गर्ने ।

तपशिल

१. श्री हेमराज दवाडी, वातावरण तथा विपद् व्यवस्थापन समिति – संयोजक
२. श्री सन्तोष काफ्ले, ईन्जिनियर – सदस्य
३. अधिकृत प्रतिनिधि, नापी कार्यालय कावासोती – सदस्य
४. श्री सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
५. श्री खिमराज गौतम, अमिन – सदस्य-सचिव

(ख) उपरोक्त प्रकरणका लागि आवश्यक स्रोत साधन र लागत सहितको कार्ययोजना एक हप्ता भित्र तयार गरी कार्यालयवाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

## निर्णय : ५

राजमार्गबाट दाँयावाँया खोलिएका चलनचल्तीका सडकहरुको चौडाई ६ मिटर कायम हुन माग भई आएकोमा कुन कुन सडकहरुको चौडाई के के मापदण्डका आधारमा ६ मिटर कायम गर्न सकिने/नसकिने हो ? विस्तृत मापदण्ड सहितको प्रतिवेदन एक महिनाभित्र पेश गर्न नगरकार्यपालिकाका पूर्वाधार विकास समितिका संयोजकको नेतृत्वमा तपशिलको उपसमिति गठन गरी जिम्मेवारी दिने ।

तपशिल

१. श्री भुपराज पाठक, पूर्वाधार विकास समिति – संयोजक
२. ई. सन्तोष काफ्ले, शहरी विकास शाखा – सदस्य
३. सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरु – सदस्य
४. विज्ञ, छिमेकी नगरपालिका – आमन्त्रित सदस्य
५. श्री खिमराज गौतम, अमिन – सदस्य सचिव

Scanned by CamScanner

**निर्णय : ६**

देवचुली नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिले नगर सभाको निर्णय विपरित नगरपालिकाको सिफारिस विना नै खानेपानीका धारा जडान एंव ठाँउसारी गरिदिने गरेको पाइएकोमा अव उपरान्त उक्त कार्य नगर्ने/नगराउन लेखि पठाउने र कार्यान्वयन नभएमा कानुन वमोजिम गर्ने।

**निर्णय : ७**

तपशिलका योजनाहरुको शिर्षक देहाय वमोजिम हुने गरी परिवर्तन गर्ने।

१. वार्ड नं. १ को राजमार्ग देखी नवल बोर्डिङ र सिसवार उपभोक्ता समिति सम्मको बाटो स्तरउन्नति शिर्षकमा रु ५ लाख विनियोजित भएकोमा उक्त शिर्षक परिवर्तन गरी राजमार्ग देखि नवल बोर्डिङसम्म वाटो स्तरउन्नति शीर्षकमा रु ३ लाख र राजमार्ग देखि सिसवार उपभोक्ता समितिको कार्यालय सम्म बाटो स्तरउन्नति शिर्षकमा रु २ लाख विनियोजित गर्ने।

२. वार्ड नं. १ को नेपाल मा.वि. देखि राम मन्दिर जाने बाटो स्तरउन्नति शिर्षकमा रु ५ लाख, रिपु अधिकारीको घर देखि नारायणी सम्म वाटो स्तरउन्नति शिर्षकमा रु ५ लाख र भटक देखि होग्रेन टोल वाटो स्तरउन्नति शिर्षकमा रू ५ लाख गरी जम्मा रु १५ लाख विनियोजित भएकोमा उक्त रकम नेपाल मा.वि. देखि योक्रे टोलसम्म सडक ग्राभेल, साईड वाल निर्माण र नाला निर्माणमा खर्च गर्ने।

३. वार्ड नं. ५ को झाँक्रे निल पोखरी टोलमा खानेपानी सुधार शिर्षकमा रु ४ लाख विनियोजन भएकोमा सो रकमबाट रु २ लाख उक्त टोलको वाटो स्तरउन्नति र बाँकि रु २ लाख खानेपानी सुधारको लागि खर्च गर्ने।

४. वार्ड नं. ६ को मुण्डे किर्तिपुर वाटोमा ह्यूम पाईप खरिस शिर्षकमा रु ४ लाख विनियोजित भएकोमा उक्त शिर्षक परिवर्नत गरी मुण्डे किर्तिपुर वाटो स्तरउन्नतिका लागि रु २ लाख र बाँकी रु २ लाख र नयाँ छाप जाने वाटोमा विनियोजित रु १० लाख मध्येवाट रु १ लाख गरी रु ३ लाख नेपाल राष्ट्रिय प्रा.वि. किर्तिपुरलाई बिनियोजन गर्ने।

Scanned by CamScanner

५. वार्ड नं. १० को भगवती टोल आमा समुह/क्लब भवन निर्माण शिर्षकमा रु १ लाख ५० हजार विनियोजन भएकोमा निर्माण शिर्षक परिवर्तन गरि भवन मर्मत एंव शौचालय निर्माण गर्ने ।

६. वार्ड नं. १४ को कुल एण्ड एलेन पेट्रोल वाट दक्षिण तर्फ वाल्मिकी प्रा.वि. हुँदै जाने भित्री चक्रपथ कालोपत्रे शिर्षकमा रु २५ लाख विनियोजित भएकोमा शिर्षक परिवर्तन गरि ग्राभेलिङ तथा स्तरउन्नति गर्ने ।

७. वार्ड नं. १४ को जगत बहादुरको घर देखि तल वडा नं. १५ को सिमाना सम्म बाटो कालोपत्रे निरन्तरता शिर्षकमा रु १५ लाख विनियोजित भएकोमा कालोपत्रे नगरी सडक स्तरोन्नति गर्ने ।

८. वार्ड नं. १४ को प्रगति कला मन्दिर युवा क्लबको भवन निर्माण शिर्षकमा रु २ लाख विनियोजित भएकोमा सो रकम श्री जनज्योती नमूना मा.वि. खेलमैदान स्तरउन्नति गर्ने ।

९. वार्ड नं. ११ को कल्भर्ट निर्माण (पार्वती, आश्रम, पुरानो भृकुटी) शिर्षकमा रु २ लाख विनियोजन भएकोमा पुरानो कल्भर्ट शिर्षकमा रु ८० हजार र भृकुटी बोर्डिङ बाट पार्वती टोल जाने वाटो स्तरउन्नति र कल्भर्ट निर्माण शिर्षकमा रु १ लाख २० हजार विनियोजन गर्ने ।

**निर्णय ८:**

चालु आ.व.का लागि साविकमा जिल्ला कृषि विकास कार्यालय नवलपरासी मार्फत यस नगरपालिका अन्तर्गत स्वीकृत ( प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना) कृषि पकेट क्षेत्र विकास उपभोक्ता लागत सहभागिता अनुदान कार्यक्रमहरु यस नगरपालिकाको कृषि विकास शाखावाट आवश्यक प्रकृया पूरा गरी कागजात पेश भएपश्चात प्रति पकेट क्षेत्र रु ५ लाख सम्म उपलब्ध गराउने । साथै यस नगरपालिकामा रहेका पाँच वटा पकेट क्षेत्रका लागि हुन आउने जम्मा रकम रु २५ लाख चालु आ.व. को चालु खर्च तर्फको अन्य भत्ता शिर्षकमा विनियोजित रकमवाट पछि नगरसभावाट अनुमोदन हुने गरी हाललाई रकमान्तर गर्ने ।

Scanned by CamScanner

२०७४।०९।२८

यस देवचुली नगरपालिका नगर कार्यपालिकाको आगामी बैठक यहि मिति २०७४ पुस ३० गते आइतबारका दिन दिउँसो ठिक १:०० बजे बस्ने गरी आव्हान गर्दछु।

(हस्ताक्षर)

पूर्णकुमार डोटेल

नगर प्रमुख

Scanned by CamScanner

आज मिति २०७४ पुस ३० गते आइतबारका दिन यस देवचुली नगरपालिकाका नगरप्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बाह्रौं बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४.) | श्री माधव के.सी. | " " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिर बहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर खोती (गुम के थापा) वडासदस्य | | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री भेख बहादुर थापा मगर | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर ढाडा | " | |
| १४.) | श्री दिनानाथ भुसाल | " | |
| १५.) | श्री डिल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री टिकामाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री खबोचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | |
| २५.) | श्री कुमला दमाई | " | |
| २६.) | श्री खेमलाल नेपाली | " | |
| २७.) | श्री भोज बहादुर मास्की | " | |
| २८.) | श्री मानबहादुर खड्का, सदस्य-सचिव | | |
| २९.) | श्री श्रीभद्र पौडेल | लेखा अधिकृत | |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | |

निर्णय नं. १.

यस देवचुली नगरपालिका क्षेत्रमा वसोवास गर्ने विभिन्न जात जातीहरुको आफ्नो मौलिक संस्कृति एंव परम्परागत चाडपर्वहरु मनाउने र जातीगत पोषाक, बाजागाजा को संरक्षण गर्नका निम्ति प्रस्तावहरु पेश भएकोमा देहाय वमोजिम गर्ने ।

(क.) देवचुली नगरपालिकामा अवस्थित थारु उत्थान यूवा समाजले थारु जातीहरुको पर्व माघी संक्रान्ति को अवसरमा यही २०७४।०९।२९ गतेका दिन नगरस्तरीय सांस्कृतिक उत्सव आयोजना गर्नका लागि प्रस्ताव पेश भएकोमा अन्य जातजातीका चाडपर्व/संस्कृति प्रवर्द्धन गर्नुपर्ने विषय समेत ध्यानदिंदै कलासंस्कृति प्रवर्द्धन शिर्षकवाट रु ४० (चालिस) हजार उपलब्ध गराउने ।

(ख.) नेपाल तामाङ घेदुङ जिल्ला कार्य समिति, नवलपरासीवाट सोनाम ल्होछारको अवसरमा आयोजना हुने कार्यक्रमका लागि प्रस्ताव पेश भएकोमा देवचुली नगरपालिकामा रहेको नगर कार्यसमिति मार्फत कलासंस्कृति प्रवर्द्धन शिर्षकवाट रु ~~२० (विस)~~ २५ (पच्चिस) हजार उपलब्ध गराउने ।

(ग.) देवचुली नरपालिका – २, निवासी नरजित दमाई लगायत नौ जनाको समूहले विभिन्न उत्सव, समारोहमा नौमति बाजा बजाउँदै आएकोमा हाल पोषाक र केही बाजा आवश्यक भएको भनि प्रस्ताव पेश भएकोमा पोषाकको हकमा लाभग्राहीहरुले आफै खरिद गर्ने, बाजा/वाद्य सामाग्रीहरु वापतको रकम रु ५३ हजार लक्षित कार्यक्रमबाट उपलब्ध गराउने र सो का लागि नियमानुसारको उपभोक्ता समिति समेत गठन गरी कार्यान्वयन गर्ने/गराउने ।

(घ.) देवचुली मा.वि. रजहरको ४६ औं वार्षिक उत्सव तथा अभिभावक दिवशको अवसरमा उक्त विद्यालयको गणित एंव विज्ञान क्लबले आयोजना गरेको विज्ञान प्रदर्शनीको लागि आर्थिक सहयोग सहितको प्रस्ताव पेश भएकोमा कलासंस्कृति प्रवर्द्धन शिर्षकवाट रु २५ (पच्चीस) हजार उपलब्ध गराउने ।

Scanned by CamScanner

**निर्णय नं. २.**

देवचुली नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय, उद्योग यस नगरपालिकामा दर्ता गरी मात्र सञ्चालन गर्नुपर्ने र दर्ता भइसेकाले प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेमा सो वमोजिम नभएकोमा उक्त प्रक्रिया सुचारु गरी नगरपालिकाको राजश्व वृद्धि गर्नका लागि देवचुली नगरपालिका राजश्व शाखाको समन्वयमा देवचुली उद्योग वाणिज्य संघसँग सहकार्य गरी कर सप्ताहको कार्ययोजना वनाउने ।

**निर्णय नं. ३.**

देवचुली नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको करार सम्झौताको अवधि यहि पुस मसान्तमा सकिएको हुँदा यस आ.व. को असार मसान्तसम्म थप गर्ने ।

**निर्णय नं. ४.**

अपाङ्गता भएका व्यक्तीहरुको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ वमोजिम यस नगरपालिका क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तीहरुको क्षमता विकास गरी स्थानीय शासन व्यबस्थामा समावेश गराउन तथा अपाङ्गता परिचयपत्र व्यबस्थापन गर्न आवश्यक नीति, कानून तथा कार्यक्रम सिफारिस गर्न तपसिल वमोजिम नगर अपाङ्गता समन्वय समिति गठन गर्ने ।

**तपसिलः**

१. नगर उपप्रमुख - संयोजक,
२. नगरकार्यपालिकाको महिला सदस्य, श्री सुवोचन्द्र सुवेदी - सदस्य,
३. नगरकार्यपालिका प्रमुखले मनोनयन गरेको नगरपालिका भित्रका मा.वि. का प्रधानाध्यापक मध्यवाट, श्री जयनारायण सापकोटा, पृथ्वी मा.वि. देवचुली-१० - सदस्य,
४. नगरकार्यपालिका प्रमुखले मनोनयन गरेको स्थानीय स्वास्थ्य संस्थाको प्रमुख मध्यवाट, श्री त्रिभुवन भण्डारी, दुम्कौली प्रा.स्वा.के. – सदस्य,
५. स्थानीय प्रहरी कार्यालयको प्रमुख मध्यवाट, कार्यालय प्रमुख, ईलाका प्रहरी कार्यालय रजहर – सदस्य,

Scanned by CamScanner

६. अपाङ्गता भएका व्यक्तीको हक, हित र संरक्षणको क्षेत्रमा कार्यरत, नगरकार्यपालिका प्रमुखले मनोनयन गरेको श्री गोमा घिमिरे दवाडी – सदस्य,
७. नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तीहरु मध्यवाट अपाङ्गता समन्वय समितिले मनोनयन गरेको एकजना महिला सहित तीन जना – सदस्य (समन्वय समितिको पहिलो बैठकले मनोनयन गर्नेछ ।)
८. नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयका प्रमुख/प्रतिनिधि मध्यवाट जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) वाट अधिकृत प्रतिनिधि मनोनयन गर्ने, - सदस्य,
९. नगरकार्यपालिका उपप्रमुखले मनोनयन गरेको नगरपालिकाको कर्मचारी, श्री वनिता तुलाधर – सदस्य सचिव

**निर्णय नं. ५.**

देवचुली-७ मा रहेको देवचुली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको खानेपानी टंयाङ्की नजिक कालिका मन्दिरको शौचालय र बाथरुमका कारण खानेपानी दुर्गन्धित हुन गएको र सो समबन्धमा उक्त संरचना सार्नको लागि आवश्यक रकम उपलब्ध गराउन सम्बन्धित वडाको सिफारिस साथ प्रस्ताव प्राप्त भएकोमा भैपरी शिर्षक वाट रु ५० (पचास) हजार उपलब्ध गराउने । त्यसैगरी देवचुली १ मा रहेको नारायणी नदी तटमा रहेको दाह संस्कार घाटमा शौचालय नभएर दुर्गन्धित भएको हुँदा शौचालय निर्माण का लागि रु १ (एक) लाख विनियोजन गर्ने ।

**निर्णय नं. ६.**

दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा निर्माण भईरहेको वातावरणमैत्री वगैंचा उक्त स्थानमा स्थापना गरिने (आमाले वच्चालाई दूध खुवाएको प्रतिमा) मूर्तिका लागि सौजन्यः देवचुली नगरपालिका हुनेगरी नगरक्षेत्रपूर्वाधार स्तरउन्नति शिर्षकवाट रु १ (एक) लाख उपलब्ध गराउने ।

**निर्णय नं. ७.**

नवलपरासी जिल्लाका युवा सरोकार संस्थाका प्रतिनिधी, युवाहरु सम्मिलित दोस्रो नवलपरासी युवा सम्मेलन – २०७४ यहि २०७४ पुस २८ मा आयोजना गर्ने भनि

Scanned by CamScanner

सहयोगको प्रस्ताव पेश भएकोमा भैपरी/संघ संस्था साझेदारी शिर्षकवाट रु १० (दश) हजार उपलब्ध गराउने ।

**निर्णय नं. ८.**

नवलपरासी जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले नवलपरासी जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरुलाई वदलिंदो परिवेश अनुसार आवश्यक कार्यप्रक्रिया, काम, कर्तव्य र अधिकारका विषयमा विषय बिज्ञहरुवाट अन्तरक्रियात्मक गोष्ठी सञ्चालनका लागि सहयोगको प्रस्तावना पेश भएकोमा मिल्दो शिर्षक हेरी रु १० (दश) हजार उपलब्ध गराउने ।

**निर्णय नं. ९.**

देवचुली -५ मा यहि मिति २०७४।०८।२८ र २०७४।०९।१९ मा भएको आगलागिका कारण टाँकु प्रसाद पौडेल र देव बहादुर थापाको परालको टौवा जलेर क्षति भएकोमा राहत स्वरुप जनही रु १० (दश) हजार प्रकोप/विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १०.**

एकीकृत सम्पत्तिकर कार्यान्वयनका लागि यस नगरपालिकाको राजश्व परामर्श समितिको सिफारिस बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने तथा पेश भएको कार्यतालिका र कार्य-विवरण (TOR) स्वीकृत गरी विस्तृत प्रतिवेदन पेश गर्न लगाउने ।

**निर्णय नं. ११.**

यस देवचुली नगरपालिकाको आ. व. २०७३।७४ को संलग्न स्वीकृत आय व्यय विवरण अनुमोदन गर्ने ।

देवचुली नगरपालिका
नगर कार्यपालिककाको कार्यालय
प्रगतिनगर नवलपरासी

**आर्थिक वर्ष २०७३।०७४ को एकीकृत आय व्यय विवरण**

| विवरण | आय | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| | २०७३ फाल्गुण सम्मको | २०७३ फागुन २८ देखि २०७४ असार सम्मको | जम्मा रकम | २०७३ फाल्गुण सम्मको | २०७३ फागुन २८ देखि २०७४ असार सम्मको | जम्मा रकम |
| गत बर्षको आम्दानी अल्या | १५,८८९,५७३ ५५ | ११,८३६,८२७ ५७ | ११,८३६,८२७ ५७ | ०० | .०० | .०० |
| आन्तरिक आय | ६,१२५,३९७ १४ | ४,५०५,२३२ ९५ | १५,७६६,७०० ०९ | | | |
| **आन्तरिक श्रोत जम्मा** | २२,०१४,९७०.६९ | १६,३४२,०६०.५२ | २७,६०३,५२७.६६ | ६,७३०,१०४.४० | ४,९०३,५५८.०८ | ११,६३३,६६२.४८ |
| २११ १-नेपाल सरकार चालु अनुदान (शशर्त अनुदान) | १,३६६,००० ०० | २,७३४,००० ०० | ४,१००,०००.०० | १,३६६,००० ०० | २,३२४,७१७.७० | ३,६९०,७१७.७० |
| २११ २-नेपाल सरकार पुजिगत अनुदान (सशर्त अनुदान) | ६,२०२,५७२.१२ | ४३,५०५,४२७.८८ | ४९,७०८,०००.०० | ६,२०२,५७२.१२ | ४१,८४०,७८१ १८ | ४८,०४३,३५३.३० |
| २११ ५-संघिय संरचना पुवांधार विकास का ६०२११०३ | .०० | १०,०००,००० ०० | १०,०००,००० ०० | .०० | ४,०९२,७४५.७० | ४,०९२,७४५.७० |
| २११ ८-नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम ३६५८१७३ | .०० | १४,४६०,००० ०० | १४,४६०,००० ०० | .०० | ११,२७६,११३ ५० | ११,२७६,११३ ५० |
| २१ ३-सामाजीक सुरक्षा अनुदान | १५,४२५,४०० ०० | २८,८४१,६०० ०० | ४४,२६७,००० ०० | १५,४२५,४०० ०० | २८,८४१,६०० ०० | ४४,२६७,०००.०० |
| २१ ४-एल जि सि डि पि अनुदान चालु | ८९९,१६०.०० | १,१७७,८४० ०० | २,०७७,००० ०० | ८९९,१६०.०० | १,१७७,८४०.०० | २,०७७,००० ०० |
| ३११-राजश्व बाँडफांड मालपोत | ०० | ५,५७६,२०१ ०० | ५,५७६,२०१ ०० | .०० | ०० | .०० |
| ४१ ५-वातावरणमैत्री स्थानीय शासन कार्यक्रम | १,२८९,८९३ ०० | ११,३६०,१०७ ०० | १२,६५०,०००.०० | १,२८९,८९३.०० | ११,३६०,१०७.०० | १२,६५०,००० ०० |
| ५ १ १०-युनिसेफ | ६२९,४११ ०० | १,९३०,९७७.३१ | २,५६०,३८८.३१ | ६२९,४११ ०० | १,९३०,९७७ ३१ | २,५६०,३८८ ३१ |
| ५ १ ५-सडक बोर्ड नेपाल अनुदान | | ५,०००,००० ०० | ५,०००,००० ०० | | | .०० |
| उपभोक्ता अश | २,९५९,००० ०० | ९,२२५,७४३ ८५ | १२,१८४,७४३ ८५ | २,९५९,०००.०० | ३,१५८,८७५.८५ | ६,११७,८७५ ८५ |
| ५ १ ८-जि वि स बाट प्रप्त हुने अनुदान तथा श्रोत बाडफाड | | १२,४९८,०१५ ०० | १२,४९८,०१५.०० | .०० | १२,०९८,०१५ ०० | १२,०९८,०१५ ०० |
| बैंक मौज्दा | | | | | | ४४,१७८,००३.९८ |
| | | | | | | |
| | | | | | | |
| जम्मा | ५०,७८६,४०६.८१ | १६२,६५१,९७२ ५६ | २०२,६८४,८७५ ८२ | ३५,५०१,५४०.५२ | १२३,००५,३३१ ३२ | २०२,६८४,८७५.८२ |
| | | | | | | |

शोक प्रस्ताव सम्बन्धमा;

यस देवचुली नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री मित्र बहादुर सोती मगरज्यूका ममतामयी माताको यहि मिति २०७४ पुस २३ गतेका दिन असामयिक निधन भएकोले दिवगंत आत्माको चीर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

Scanned by CamScanner

२०७४।१०।२९

यस देवचुली नगरपालिकाको आगामी कार्यपालिका बैठक यहि मिति २०७४ फाल्गुन ०३ गते बिहिवारका दिन दिउसो ठिक २:०० बजे बस्ने गरी आव्हान गर्दछु ।

पूर्णकुमार डोकड

नगर प्रमुख

आज मिति २०७८ फाल्गुन ०३ गते बिहिबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्णकुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तेह्रौं बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १.) | श्री पूर्णकुमार श्रेष्ठ | नगर-प्रमुख | |
| २.) | श्री पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३.) | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४.) | श्री माधव के.सी. | " | |
| ५.) | श्री गोपालराज शर्मा लम्साल | " | |
| ६.) | श्री गिरबहादुर थापा क्षेत्री | " | |
| ७.) | श्री शिवलाल सापकोटा | " | |
| ८.) | श्री मित्र बहादुर सोती मगर | " | |
| ९.) | श्री भुपराज पाठक | " | |
| १०.) | श्री चन्द्र बहादुर सिंजाली | " | |
| ११.) | श्री भेख बहादुर थापा सारु | " | |
| १२.) | श्री केशर आले | " | |
| १३.) | श्री रमेश बहादुर डाङा | " | |
| १४.) | श्री हिरानाथ मुसाल | " | |
| १५.) | श्री डिल बहादुर खत्री | " | |
| १६.) | श्री हेमराज दवाडी | " | |
| १७.) | श्री हरिभक्त भट्टराई | " | |
| १८.) | श्री केशर बहादुर क्षेत्री | " | |
| १९.) | श्री विष्णु प्रसाद आचार्य | " | |
| २०.) | श्री दिव्यमाया सिंजाली | " | |
| २१.) | श्री सकुन्तला गुरुङ | " | |
| २२.) | श्री सुबोधचन्द्र सुवेदी | " | |
| २३.) | श्री माया सुवेदी | " | |
| २४.) | श्री नवकुमारी शर्मा | " | नवकुमारी |
| २५.) | श्री कमला हमाई | " | कमला |
| २६.) | श्री खेमलाल नेपाली | " | खेम |
| २७.) | श्री भोज बहादुर मास्की | " | |
| २८.) | श्री मानबहादुर खड्का | सदस्य - सचिव | |
| २९.) | श्री श्रीभद्र पौडेल | लेखा अधिकृत | |
| ३०.) | श्री अविनाश पन्थी | प्रशासकीय अधिकृत | |

Scanned by CamScanner

आमन्त्रित

१.) श्री दामोदर ज्ञवाली — शाखा अधिकृत

२.) ई. त्रिभुराम वस्याल — योजना शाखा प्रमुख

३.) ई. सन्तोष डाफ्ले — शहरी विकास शाखा प्रमुख

**निर्णय नं. १. जबाफदेही पत्रकारिता सम्बन्धी तालिम।**

